
# लेखापरीक्षण प्रतिवेदन

# बैजनाथ गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बैजनाथ गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/447

**विषय :** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

बैजनाथ गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

रामपुर, बाँके, लुम्बिनी प्रदेश।

## कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको एकीकृत वित्तीय विवरण(म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२४ करोड ५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२७ लाख ५० हजार समेत गरी रु.२४ करोड ३१ लाख ७० हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ८३ करोड २६ लाख ७२ हजारको लेखापरीक्षण गरिएकोमा रू.६ करोड ३६ लाख ७२ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२४ लाख ७८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.६ करोड ११ लाख ९४ हजार मध्ये असुल गर्नुपर्ने रू.१४ लाख ८१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.१ करोड ७१ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ५५ लाख ४८ हजार र पेस्की बाँकी रु.७० लाख ३८ हजार रहेको छ। गत वर्षसम्मको बाँकी बेरुजु

रु.२५ करोड ९ लाख ८ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३१ करोड २२ लाख २६ हजार रहेको छ। बेरुजु बर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसै साथ संलग्न छ।

३. पालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेको, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौ।

## अन्य ब्यहोरा

बैजनाथ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बैजनाथ गाउँपालिका व्यवस्थापनमा रहेको छ। बैजनाथ गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु बर्गीकरण

चालु वर्षको बेरुजु (रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| ५८ | ७१ | ६३६७२ | ० | ७ | २४७८ | ० | ५८ | ६४ | ६११९४ | १४८१ | ३५५४८ | १७१२७ | ० | ० | ५२६७५ | ७०३८ |

अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | २६५६५६ | ० | १४७४८ | २५०९०८ | १२४ | ६११९४ | ३१२२२६ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६८ | सक्कल बील बेगर भुक्तानी : | २४,१८,१३८ |
| २ | २०८०/८१ | ४७ | शिक्षक भत्ता बढी भुक्तानी : | ४९,१२५ |
| ३ | २०८०/८१ | ३५ | कृषि तालिम : | १०,८०० |
| ४ | २०७९/८० | ६५ | थप कार्यको नया दरमा भुक्तानी | १,६५,१५० |
| ५ | २०७९/८० | १०८ | कार्यविधि विपरित खर्च | १७,७७,१६० |
| ६ | २०७९/८० | १०९.२ | आन्तरिक लेखापरिक्षण प्रतिबेदनको कार्यान्वयन अवस्था | ४,४३,८६३ |
| ७ | २०७८/७९ | ७१ | हयूमपाइप तथा बिद्युततार पोल ढुवानीमा बढि भुक्तानि | १,०७,९४७ |
| ८ | २०७८/७९ | ४३ | बढी भुक्तानी | ११,३०० |
| ९ | २०७७/७८ | २८ | शशर्त चालु तर्फ | १,६८,३०० |
| १० | २०७७/७८ | २५ | भत्ता | १५,३०० |
| ११ | २०७७/७८ | २७ | गाउँपालिका चालुमा निम्नानुसारका व्यहोरा देखिएका छन् । | २९,०७० |
| १२ | २०७९/८० | १४४ | पेश्की बाँकी | ५१,७३,८९३ |
| १३ | २०७७/७८ | १४ | पेश्की व्यवस्थापन | १८,५३,९७८ |
| १४ | २०७७/७८ | १७ | पदाधिकारी थप सुविधा | ३,२२,६३८ |
| १५ | २०७७/७८ | ९ | कोभिड-19 नियन्त्रण तथा व्यवस्थापन | १,९४,९९० |
| | | | **(क). जम्मा** | **१,२७,४१,६५२.००** |

| क्र स | आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | **२०७४।७५** | ३५ | तालिम कार्यक्रमबाट फर्निचर खरिद- आदिबासी जनजाती महासंघ, बैजनाथ गाउँसमिति | १६४०० |
| २ | २०७४।७५ | ३२( १३) | नर्म्स भन्दा बढी खर्च- रामचन्द्र बाँनिया | ६००० |
| ३ | २०७४।७५ | ४३(८) | बढी भुक्तानी – पहाडीपुर बाटो ग्राभेल निर्माण उ स | १७८९० |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७४।७५ | ५७(२) | बढी दररेटमा भुक्तानी- जोगिरामको घरदेखि गौरीडाडासम्मको बाटो ग्राभेल उस, | १०५९० |
| ५ | २०७४।७५ | ४३(५) | बढी भुक्तानी-रामजानकी बाटो ग्राभेल उ.स. | १२९८ |
| ६ | २०७४।७५ | ३२(१३) | नम्स भन्दा बढी खर्च- मोतीराम चौधरी | ६००० |
| ७ | २०७४।७५ | ३२(६) | नम्स भन्दा बढी खर्च- बिष्णुमाया मल्ल | ६००० |
| ८ | २०७४।७५ | ३२(११) | नम्स भन्दा बढी खर्च- बिष्णुमाया मल्ल | ६००० |
| ९ | २०७४।७५ | ३२(१२) | नम्स भन्दा बढी खर्च- बिष्णुमाया मल्ल | ५००० |
| १० | २०७४।७५ | ५५ | च्याउ वितरण- बिष्णुमाया मल्ल | १००००० |
| ११ | २०७४।७५ | ६० | भरपाई तथा बढी भुक्तानी- बिष्णुमाया मल्ल | ४०४० |
| १२ | २०७४।७५ | ३२ | नम्सभन्दा बढी खर्च – मनोज कुमार राय | २४०० |
| १३ | २०७४।७५ | ३२ | नम्सभन्दा बढी खर्च – मनोज कुमार राय | १२००० |
| १४ | २०७५।७६ | ३२ | ५० प्रतिशत मु अ कर कट्टी नगरेको – बि एल एन कन्स्ट्रक्सन | २५३०३९ |
| १५ | २०७५।७६ | ४० | दै भ भ बढी भुक्तानी-मान बहादुर रुचाल | ८२५०० |
| १६ | २०७५।७६ | ५३(११) | पेश्की बाँकी- नमस्ते रबि निर्माण सेवा | २७०५३३ |
| १७ | २०७५।७६ | २९ | उपभोक्ता समितिलाई बढी भुक्तानी-देउराली हरियाली मध्यबर्ति क्षेत्र उ स | ११५६९ |
| १८ | २०७६।७७ | ८० | पेश्की बाँकि- इन्द्रदेवी निर्माण सेवा | ७८१००० |
| १९ | २०७६।७७ | ८० | पेश्की बाँकि- इन्द्रदेवी निर्माण सेवा | ४४०००० |
| २० | २०७६।७७ | ८० | पेश्की बाँकि- चंखेली निर्माण सेवा | १५५१००० |
| २१ | २०७६।७७ | ४३ | रितपुर्वकको कर बिजक- एम के कन्स्ट्रक्सन | ६४५९१० |
| २२ | २०७६।७७ | ३९ | बहाल कर – बैजनाथ गा पा | २३५४०१ |
| २३ | २०७४।७५ | ३२(२) | नम्स भन्दा बढी खर्च- सोभा अधिकारी | ९०० |
| २४ | २०७४।७५ | ३२(४) | नम्स भन्दा बढी खर्च- सोभा अधिकारी | ४२०० |
| २५ | २०७४।७५ | ३१ | पारिश्रमिक कर- डा अशोक कुमार यादब | ९६५४ |

| | | | | |
|---|---|---|---|---|
| २६ | २०७४।७५ | ३२(८) | नम्स भन्दा बढी खर्च- रत्न ब शाही | ५१०० |
| २७ | २०७४।७५ | ३२(९) | नम्स भन्दा बढी खर्च- रत्न ब शाही | ९०० |
| **(ख).जम्मा** | | | | **४४८५३२४.००** |
| **कुल जम्मा (क+ख)** | | | | **१,७२,२६,९७६.००** |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालयको बक्यौता | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण वक्यौता नरहेको। | बैजनाथ गा पा बाँके |

# (८०५५७५०५३०० - बैजनाथ गाउँपालिका, बाँके )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा, १४१.६७ वर्ग कि.मि. क्षेत्रफल तथा ६९,२८२ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।०८ देखि २०८१।१०।१२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिबेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिबेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा

समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु. १ अर्व ८३ करोड २६ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ :

| विवरण | चालु आ.व. | | गत आ.व. | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| कर | १४,७६,६८,०७८.७९ | १४,७६,६८,०७८.७९ | १२,९५,९०,४९७.३३ | १२,९५,९०,४९७.३३ |
| अनुदान | ४६,७८,३४,८७२.६७ | ४६,७८,३४,८७२.६७ | ५२,५३,९३,२०८.७८ | ५२,५३,९३,२०८.७८ |
| अन्य राजस्व | १,९३,५६,५६३.०२ | १,९३,५६,५६३.०२ | २,५३,४५,१८९.६६ | २,५३,४५,१८९.६६ |
| विविध प्राप्ति | ८,३६,७६०.०० | ८,३६,७६०.०० | ११,६३,०००.०० | ११,६३,०००.०० |
| कुल जम्मा प्राप्ति | ६३,५६,९६,२७४.४८ | ६३,५६,९६,२७४.४८ | ६८,१४,९१,८९५.७७ | ६८,१४,९१,८९५.७७ |
| चालु | ४४,८०,५९,६६२.६० | ४४,८०,५९,६६२.६० | ४६,०३,६९,७४६.६१ | ४६,०३,६९,७४६.६१ |
| पारिश्रमिक /सुविधा | २०,०२,३२,९७५.५८ | २०,०२,३२,९७५.५८ | १९,४४,०८,२०२.१९ | १९,४४,०८,२०२.१९ |
| मालसामान तथा सेवाको उपयोग | २४,१९,३७,८५२.०२ | २४,१९,३७,८५२.०२ | १८,५१,४३,०३४.४२ | १८,५१,४३,०३४.४२ |
| सहायता )Subsidy) | १,००,०००.०० | १,००,०००.०० | २,००,०००.०० | २,००,०००.०० |
| अनुदान | ०.०० | ०.०० | ७,२४,४८,८०८.०० | ७,२४,४८,८०८.०० |
| सामाजिक सुरक्षा | ४५,४०,३३५.०० | ४५,४०,३३५.०० | ६९,७९,९०२.०० | ६९,७९,९०२.०० |
| अन्य खर्च | १२,४८,५००.०० | १२,४८,५००.०० | ११,८९,८००.०० | ११,८९,८००.०० |
| पूंजीगत | १९,९१,९९,२५०.०० | १९,९१,९९,२५०.०० | २९,८०,००,५२४.०० | २९,८०,००,५२४.०० |
| भवन तथा संरचना | २२,५३,८५२.०० | २२,५३,८५२.०० | २,१७,९३,१०४.०० | २,१७,९३,१०४.०० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५२,२१,६२५.०० | ५२,२१,६२५.०० | १,४७,२८,६४६.०० | १,४७,२८,६४६.०० |
| सार्वजनिक निर्माण | १९,०५,९८,४७३.०० | १९,०५,९८,४७३.०० | २६,१४,२८,७७४.०० | २६,१४,२८,७७४.०० |
| निर्मितसरचनाको सुधार खर्च | ११,२५,३००.०० | ११,२५,३००.०० | ०.०० | ०.०० |
| पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० |
| वित्तीय | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कुल जम्मा भुक्तानी | ६४,७२,५८,९१२.६० | ६४,७२,५८,९१२.६० | ७५,८३,७०,२७०.६१ | ७५,८३,७०,२७०.६१ |
| बचत /कमी (ग =क-ख ) | (१,१५,६२,६३८.१२) | (१,१५,६२,६३८.१२) | (७,६८,७८,३७४.८४) | (७,६८,७८,३७४.८४) |
| धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (३६,५६,४४६.१२) | (३६,५६,४४६.१२) | (१,८५,९४,१२६.१२) | (१,८५,९४,१२६.१२) |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | (१,५२,१९,०८४.२४) | (१,५२,१९,०८४.२४) | (९,५४,७२,५००.९६) | (९,५४,७२,५००.९६) |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | १०,१६,२२,५२५.२७ | १०,१६,२२,५२५.२७ | १९,७०,९५,०२६.२३ | १९,७०,९५,०२६.२३ |
| विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८,६४,०३,४४१.०३ | ८,६४,०३,४४१.०३ | १०,१६,२२,५२५.२७ | १०,१६,२२,५२५.२७ |

## सुत्र बाहिरको कारोबार :

| कार्यक्रम | बजेट | निकाशा | खर्च |
|---|---|---|---|
| गरिबसँग विषेश्वर कार्यक्रम | ४१५००० | ४१४५३० | ४१४५३० |
| सामाजिक सुरक्षा तथा संरक्षण | २४१५९७००० | २४०००५५४३.४५ | २४०००५५४३.४५ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८०४००० | २७५०००० | २७५०००० |
| **जम्मा** | **२४५८१६०००** | **२४३१७००७३.४५** | **२४३१७००७३.४५** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता :**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २४०००५५४३.४५ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमा रु २७५०००० गरिबसँग विश्वेश्वर कार्यक्रममा रु.४१४५३० समेत गरी रु. २४३१७००७३.४५ एकीकृत बार्षिक प्रतिवेदन(म.ले.प. २७०)मा समावेश गरेको छैन। पालिकामा हुने सबै आर्थिक कारोबार समेटी एकीकृत वित्तीय विवरण तयार हुने व्यवस्था गर्नुपर्दछ।

४ **आन्तरिक नियन्त्रण :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) बमोजिम सरोकारवाला सहितको सार्वजनिक सुनुवाई वा सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनुवाई वा परीक्षण सीमित गरेको

अवस्था समेत छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३/ ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २८ लाख ५४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, बर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार पारी आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउनु पर्ने देखिन्छ।

५ **आन्तरिक लेखापरीक्षणद्वारा कायम भएको बेरुजु :**

५.१ स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम भएको सैद्धान्तिक तथा लगती बेरुजु समयमा नै फस्यौंट गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण गर्दा औंल्याएका असुल तथा लगती कायम गरिएका व्यहोरा बुँदागत रुपमा उल्लेख गरिएको छ। उक्त बेरुजु फस्यौंट गरी सोको प्रमाण पेश गर्नुपर्दछ।

५.२ **असुल गर्नुपर्ने :**

**(विस्तृत विवरण बेरूजु दफा ५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,१०० |

५.३ **नियमित गर्नुपर्ने :**

**(विस्तृत विवरण बेरूजु दफा ५.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,७०० |

५.४ **प्रमाण पेश गर्नुपर्ने :**

| (विस्तृत विवरण बेरूजु दफा ५.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) | प्रमाण पेश नगरेको | ३५,११,७२८ |
|---|---|---|

६ **योजना तथा बजेट कार्यान्वयन :**

पालिकाको योजना तथा बजेट कार्यान्वयनमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन् :

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले यस वर्ष रु. १९ करोड ९१ लाखको खरिद गुरुयोजना बेगर नै खरिद गरेको छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ५ करोड २८ लाख २३ हजार रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ६.८२ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

७ **योजनाको प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरूमा गरिबी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।

| क्र.म. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु २० लाख माथिका योजना सङ्ख्या | रु ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु ५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तर | १०४ | ३० | ४१ | ४३ |
| २ | वडा स्तर | ५४ | ० | ११ | ४३ |
| | **जम्मा** | **१५८** | **३०** | **५२** | **८६** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु धेरै सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिक खर्चमा बृद्धि हुने, खर्च लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४९ योजना मात्र कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले प्रतिफल मुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजना कार्यान्वयनमा प्राथमिकता दिनुपर्दछ।

८ **कार्यक्रम संशोधन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था

भएमा कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ । कार्यपालिकाले गाउँसभाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम संशोधन गर्दा वा रकमान्तर गर्दा कानुन बमोजिम साबिकको कार्यक्रम गर्न नसक्नुको कारण र नयाँ कार्यक्रम गर्नुपर्नाको आधार/कारण समेत उल्लेख गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम कार्यक्रम संशोधन गर्दा वा नयाँ योजना सञ्चालन गर्दा सो गर्नुको कारण उल्लेख गरी कार्यान्वयन गर्नुपर्दछ। पालिकाले निम्न कार्यक्रम रकमान्तर गरी बजेट थप गरेता पनि उक्त कार्यक्रमहरु समेत कार्यान्वयन भएको देखिएन। पालिकाले कार्यक्रम संशोधन गर्दा आवश्यकता, औचित्यता आधारमा कार्यान्वयन योग्य कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

| **कार्यक्रम** | **शुरु बजेट** | **रकमान्तर पछी थप भएको रु.** | **जम्मा रु.** | **रकमान्तर पछीको खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| ७० वर्ष माथिका ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | १०००००० | २००००० | १२००००० | ० | ० |
| प्रवेश द्धार निर्माण | ० | ११००,००० | ११००,००० | ० | ० |
| कृषि मोटर जडान | १०,००,००० | ५००,००० | १५,००,००० | ० | ० |
| त्रिपाल तथा क्रेट वितरण | ० | ५००,००० | ५००,००० | ० | ० |

९ **प्रगती :**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले त्रैमासिक तथा बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगती तयार नगर्ने सम्बन्धित व्यक्तिहरुलाई जिम्मेवार बनाउनु पर्दछ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगती स्थिति देहाय बमोजिम छ। शुन्य प्रगति एवं कम प्रगती भएका योजनाहरुमा स्पष्ट कारण नदेखाएकोले कार्यान्वयन पक्ष प्रभावकारी बनाउनुपर्दछ।

| **कार्यक्रम /योजना सङ्ख्या** | **यो वर्ष खर्च (हजार)** | **वार्षिक प्रगती** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५ प्रतिशत सम्म** | **५० प्रतिशत सम्म** | **७५ प्रतिशत सम्म** | **७५ प्रतिशत भन्दा माथी** |
| २०७ | | ३९ | २ | ० | ४ | १६२ |

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा तथा छनौट गर्दा कार्यान्वयन योग्य योजना छनौट गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार ३९ योजनाको प्रगती शुन्य रहेको छ भने २ योजनाको प्रगती २५ प्रतिशत मात्र प्रगती भएको छ। समयमा नै बजेट उपलब्ध नहुन, जग्गा विवाद तथा वर्षाद लगायतको कारणले कार्यक्रमहरुको प्रगती शुन्य भएको पालिकाको भनाई रहेको छ।

१० **त्रैमासिक पूँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगती विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार

त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १९९१९९ | ६२३७ | ६५२३ | २६४५९ | १५९९७८ | १०२२४६ |
| प्रतिशत | ८४ | २.६३ | २.७५ | ११.१५ | ६७.५ | ४१.३७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आ.व. मा रु. १९ करोड ९१ लाख ९९ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ६२ लाख ३७ हजार (२.६३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६५ लाख २३ हजार (२.७५ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. २ करोड ६४ लाख ५९ हजार (११.१५ प्रतिशत) र चौथों त्रैमासिकमा रु १५ करोड ९९ लाख ७८ हजार(६७.५ प्रतिश) खर्च गरेको देखिएको छ। यसै गरी असार महिनामा मात्र रु. १० करोड २२ लाख ४६ हजार(४१.३७ प्रतिशत) खर्च देखिनुले असार महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असार महिनामा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११ **क्षेत्रगत बजेट खर्चको स्थीति :**

स्थानीय तहको दिगो, सन्तुलित र समावेशी विकासका क्षेत्रगत रुपमा समन्यायिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ:

| क्र स | क्षेत्र/उपक्षेत्र | विनियोजन बजेट | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ९,६६,१३,००० | ६,२५,४४,२०५. | ६४.७३ |
| २ | सामाजिकविकास | ३७,०५,३१,०० | ३३,१४,८७,१४३.४७ | ८९.४६ |
| ३ | पूर्वाधारविकास | १७,०५,०४,४८४ | १४,४६,६५,७८३. | ८४.८४ |
| ४ | सुशासन तथाअन्तर सम्बन्धितक्षेत्र | १,७८,३०,०००. | १,०९,६२,४३०. | ६१.४८ |
| ५ | कार्यालयसञ्चालनतथाप्रशासनिक | ११,९२,४०,४९१. | ९,७५,९९,३५१.१३ | ८१.८५ |
| **कुल जम्मा** | | **७७,४७,१८,९७५.** | **६४,७२,५८,९१२.६०** | **८३.५४** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८९.४६ प्रतिशत खर्च भएको र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ६१.४८ प्रतिशत खर्चको भएको छ। तसर्थ पालिकाले विनियोजन भएको क्षेत्रगत बजेट कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१२ **खर्च विश्लेषण :**

पालिकाले यस वर्ष चालु तर्फ रु. ४४,८०,५९,६६२ र पूँजीगत तर्फ रु. १९,९१,९९,२५० खर्च गरेको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.४१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.२ प्रतिशत चालु र ३०.८ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**१३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

**१४ सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक बार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ४० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

**१५ कानुन तथा सञ्चालनको स्थीति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकामा हालसम्म १६ वटा ऐन, २ वटा नियमावली, ३१ निर्देशिका १० मापदण्ड ५ आचारसंहिता १ कार्यविधि लगायत ६ अन्य गरी जम्मा ६८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन्।

**१६ कार्यक्षेत्र भित्रको विषयमा कानून निर्माण :**

नेपालको संविधान अनुसूची ८ र ९ मा व्यावस्था भएका एकल अधिकार तथा साझा अधिकार कार्यान्वयनमा पालिकाले आवश्यकता अनुसार कानून निर्माण गर्नुपर्दछ। त्यस्तै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०।०८१ को अन्त्यसम्म पालिकाले केही उदाहरणको रुपमा देहायका विषयमा कानून निर्माण गरेको देखिएन। पालिकाले यस सम्वन्धमा कानून निर्माण गरी प्रभाकारी तथा गुणस्तरिय सेवा प्रवाह गर्नुपर्ने देखिन्छ।

| सि.न. | विषय | कैफियत |
|---|---|---|
| १ | नगर प्रहरीको व्यवस्था | नभएको |
| २ | घर जग्गा धनी पूर्जा वितरण | नभएको |
| ३ | खानी तथा खनिज | नभएको |
| ४ | पुरातत्व, प्राचिन स्मारक र संग्रहालय | नभएको |

१७ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६७ र यो वर्ष थप भएको १८९ गरी कुल २५६ विवाद दर्ता भएकोमा १३३ वटा मात्र फस्र्यौट भई १३३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। आवधिक योजना बनाएता पनि पालिकाले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई प्राथमिकता दिइ गर्नुपर्नेमा दिवस मनाउने, सम्मान कार्यक्रम, चाडपर्व विषेश कार्यक्रम जस्ता सालबसाली विषयहरुलाई समेत समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१९ **सेवा प्रवाहको स्थीति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ। यस पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन् :

| **विवरण** | **जम्मा** | **पूर्वाधार विकास सडक निर्माण** | **जम्मा** |
|---|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ६५ | कालोपत्रे सडक | ५४५० मी |
| **पञ्जिकरणतर्फ** | | ग्राभेल सडक निर्माण | २८४६७ मिटर |
| जन्मदर्ता | १२६३ | ग्राभेल सडक मर्मत | १५०० मी |
| मृत्युदर्ता | ३७४ | | |
| बसाईसराई दर्ता | ३६५ | | |
| विवाह दर्ता | ५९२ | | |
| सम्बन्धविच्छेद दर्ता | ९० | | |

२० **आन्तरिक आय तथा राजस्व :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४३९,०८,६३१ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ३७४,६८,८७८ संकलन गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। पालिकाले गत वर्षको तुलनामा ६४.८४ प्रतिशत राजश्व संकलन वृद्धी गरे भएको भए तापनी यस वर्ष आय अनुमानको तुलनामा १४.६६ प्रतिशत घटी आय प्राप्त गरेको देखिएकोले पालिकाले आय अनुमानलाई यथार्थपुरक बनाउदै नयाँ क्षेत्र पहिचान गरी राजश्वको दायरा विस्तार गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | राजश्व शिर्षक | आ.व.२०७९/८० जम्मा प्राप्ती रु | आ.व. २०८०/०८१ को लक्ष्य | आ.व. २०८०/०८१ को प्राप्ती रु | प्राप्ती प्रतिशत आ.व.२०८०/०८१ |
|---|---|---|---|---|---|
| १ | भुमिकर / मालपोत | ५३१४०९५.१ | ६३५०००० | ५९५००६७.९ | ९३.७ |
| २ | एकिकृत सम्पत्ति कर | १९७८६७५.९४ | २५००००० | २३०७७११.२१ | ९२.३ |
| ३ | बहाल कर /घर बहाल कर | १०६५८५९.८८ | १४००००० | ४०४४६५.०८ | २८.९ |
| ४ | बहाल बिटौरी कर | ९८५८१८.३८ | १४५०००० | ४६९८०७.१४ | ३२.४ |
| ५ | ढुङ्गा गिट्टि वालुवा माटो दहत्तर बहत्तर बाफतको कर | ० | ८९०८६३१.५३ | ८९०८६३१.५३ | १०० |
| ६ | अन्य मनोरञ्जन कर | | ५००० | | ० |
| ७ | परिक्षा शुल्क | १२८५०० | ३००००० | ११०००० | ३६.७ |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | ५१३७०४६.९२ | ५८५०००० | ७१०३०७४.७४ | १२१.४ |
| ९ | नक्सा पास दस्तुर | ९३४३३७.४ | २०००००० | १०१४६०१.५४ | ५०.७ |
| १० | सिफारिस दस्तुर | २२४४३०२ | २६३०००० | २११८५६४ | ८०.६ |
| ११ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १३२१५५० | ३८००००० | ५६३४०० | १४.८ |
| १२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५०८१५०.४१ | १००००० | ६०००० | ६० |
| १३ | अन्य सेवा शुल्क तथा बिक्रि | ५००० | ० | ४३३४१५.०२ | |
| १४ | न्यायिक दस्तुर | | | ४५२०० | |
| १५ | अन्य कर | १९४०७२६.९६ | ६४५०००० | ५०४९२८.४५ | ७.८ |
| १६ | सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | | १०००० | | ० |
| १७ | बेरुजु | ११६३००० | १०००००० | ८३६७३० | ८३.७ |
| | अन्य दस्तुर | | ० | ६०७४०९ | |
| | अन्य बिक्रि बाट् प्राप्त रकम | | ५००० | ४८३१३००.२८ | ९६६२६ |
| | व्यवसाय कर | | ५००००० | २५२७४९.९४ | ५०.५ |
| | अन्य क्षेत्रको आय | | ५०००० | ० | ० |
| | नाता प्रमाणीत दस्तुर | | ५००००० | ४८८५० | ९.८ |
| | व्यक्तिगत घटना दस्तुर | | १००००० | | ० |
| | अन्य राजश्व | | ० | ८९७९७३ | |
| **जम्मा** | | **२२७२७०६२.९९** | **४३९०८६३१.५३** | **३७४६८८७८.८३** | |

२१ **सामाजिक सुरक्षा :**

२१.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरी सक्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयबाट प्राप्त Gender wise SSNP Grant Report (अनुसूची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा अन्य जेष्ठ नागरिक भत्ता ३३२१ लाभग्राही मध्ये चालु वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न आएका उक्त लाभग्राही संख्या ३२६० मात्र रहेको पाईयो। पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका ६१ लाभग्राहीलाई २०८०।८१ मा भुक्तानी भएको प्रति व्यक्ति रु. ४००० का दरले रु. २,४४,००० सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा एकिन हुनुपर्दछ। साथै अन्य लाभग्राही समुहमा समेत नविकरण गर्न नआएका लाभग्राही एकिन गरी वास्तविक लाभग्राही भए नभएको सम्बन्धमा पालिकाबाट छानबिन हुनुपर्दछ।

२१.२ सामाजिक सुरक्षा कार्यविधि, २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोही कार्यविधिको अनुसुचि १० अनुसार बैंकसँग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाब मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायत आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरा समेत सुधार एवं कार्यान्वयमा पालिकाले ध्यान पुर्‍याउनुपर्दछ।

२२ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ५३७४०५९७४ | २८५८६३३१..३० | ५.३१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.३१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२३ **आय ठेक्का व्यवस्थापनः**

लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसूची ६ बमोजिम ढुङगा, गिटी, बालुवा,ग्राभेल, स्लेट, चुन ढुङ्गा, खरीढुङ्गा, भस्कट माटो र दहत्तर बहत्तर समेत ऐनमा उल्लेखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको माध्यमबाट बिक्री गरी संकलित रकम स्थानिय र प्रदेश तह बीच बाँडफाँड गर्नुपर्ने ब्यबस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका ११ वटा संकलन केन्द्रको आ.इ.इ. प्रतिबेदन २०८० बमोजिम बार्षिक उतखनन् गर्ने अधिक्तम परिमाण ९७९३४७।०५ क्युफिटको मात्र ठेक्का ब्यबस्थापन गरी २०८१।२।३० सम्म उत्खनन गर्नेगरी उज्जवल निर्माण सेवासँग २०८०।१२।०५ मा रु ८९०८६३१।५३ (मु.अ.क समेत)को सम्झौता भएको देखिन्छ भने सोही सम्झौता वमोजिम रु ८९०८६३१।५३ राजश्व तोकिएको किस्ता बमोजिम संकलन भएको देखिन्छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन :

• कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

• नदिजन्य पदार्थ उत्खन्नका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन ।

• दैनिक खरिद विक्री तथा उत्खन्न अभिलेख समेत राखेको पाईएन ।

• पालिकाबाट प्रमाणित नगदी रसिद ठेली प्रयोग गर्न ठेकेदारलाई दिईएकोमा सोको अभिलेख नराखेको ।

• पालिकाबाट ४५ ठेली नगदी रसिद दिएको भएता पनि लेखापरिक्षण अवधि सम्म११ ठेली फिर्ता गर्न बाँकि रहेको देखिन्छ ।

• रसिदको प्रयोग तथा ठेली मौजदात तथा सो बाट के कति बिक्री गरी राजस्व उठेको सम्बन्धमा विवरण पेश नगरेकोले यथार्थमा उत्खन्न तथा विक्री भएको परिमाण सम्बन्धमा विश्वस्त हुन सकिएन।

• कतिपय रसिदहरु केरिएको तथा च्यातिएको पाईयो ।

• चेक्लिस्ट तयार गरी सो बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्नेमा अनुगमन समेत गरेको पाईएन।

अनुगमन प्रतिवेदन पेश नगरेको तथा उल्लेखित कारणहरुबाट तोकिएको परिमाणमात्रै उत्खन्न भएको तथा स्रोतको दोहन नभएको भन्नेमा आश्वस्त हुन सकिएन तसर्थ पालिकाले कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने, प्रभावकारी अनुगमन गर्ने, पट्के प्रवेश आदेश दिने, अभिलेख व्यवस्थापन गर्ने जस्ता कार्यहरु गरी नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधानको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ।

२४ **तलबी प्रतिबेदन :**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| कार्यालयले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई कर्मचारीहरुको रु. ४,४४,३९,३३५ तलब भत्ता खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२५ **प्रशासकीय सङ्गठन तथा जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार सङ्घीय दरबन्दी अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८१ दरबन्दी रहेकोमा पालिकाले १२ दरबन्दी थप गरी ९३ दरबन्दी स्विकृत

गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा स्विकृत दरबन्दी अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित ६८ जना कर्मचारी स्थायी पदपूर्ति भएको देखिन्छ भने १३ पद रिक्त देखिन्छ। पालिकाले रिक्त पदहरुको पदपूर्तिको लागि माग गरेको पाइएन। पालिकाको सङ्घीय दरबन्दी र पालिकाले थप गरेको दरबन्दी सहित कुल दरबन्दी ९३ स्विकृत भएकोमा स्थायी ६८ जना र कारारमा ४८ गरी ११६ जना कर्मचारी कार्यरत रहेको छन्। पालिकामा स्विकृत दरबन्दी भन्दा ३१ जना कर्मचारी बढी पदपूर्ति भएको देखिन्छ। जसमा कार्यालय सहयोगी, चालक, कुचिकार लगायत श्रेणी विहिन कर्मचारी बाहेकका नियुक्ती गरी तलब भत्ता भुक्तानी भएको देखिन्छ। पालिकाले दिगो श्रोतको सुनिश्चितता गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत स्विकृत दरबन्दी भित्र रही कर्मचारी पदपूर्ति गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कर्मचारी पदपूर्ति स्थिती देहाय बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **करार कर्मचारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. १,००,३२,४०६ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरित प्रमुख पदहरुमा समेत करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क.स | पद | पद संख्या | तलब स्केल | बार्षिक तलब भत्ता रु. |
|---|---|---|---|---|
| १ | इन्जिनयर | १ | ४३६८९ | ५७७९५७ |
| २ | सव इन्जिनयर | २ | ३४७३० | ९१२९८० |
| ३ | अ सव इन्जिनियर | १ | ३२९०२ | ४३७७२६ |
| ४ | मेडिकल अधिकृत आठौं | १ | ४८७३७ | ६५३५८१ |
| ५ | स.क.अ(चौथो) | २ | ३२९०२ | ८६५४५२ |
| ६ | कार्यालय सहायक(चौथो) | २ | ३२९०२ | ८६५४५२ |
| ७ | अमिन | २ | ३२९०२ | ८६५४५२ |
| ८ | स्टाफ नर्स | २ | ३४७३० | ९१२९८० |
| ९ | अ न मी | ६ | ३२९०२ | २५७६३५६ |
| १० | ल्याब असिस्टेन्ट | ३ | ३४७३० | १३६४४७० |
| ११ | खेलकुद विकास समित संयोजक | १ | १६००० का दरले ४ महिना | ६४००० |
| | | | **जम्मा** | **१००९६४०६** |

| | |
|---|---|
| अनियमित भएको | १,००,९६,४०६ |

२७ **जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२८ **सञ्चालन नभएका कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगती विवरण तयार गरी तालुक निकामा पेश गर्नुपर्ने उल्लेख छ। साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ। पालिकालाई यस बर्ष प्राप्त सशर्त अनुदान मध्ये देहायका कार्यक्रमहरु नगरी बजेट रकम फ्रिज गरेको छ। यसरी कार्यक्रम कार्यान्वियन नहुनुमा समय अभाव, कृषकको सक्रिय सहभागिता नहुनु जस्ता कारण रहेको पालिकाले जनाएको छ। बार्षिक रुपमा विनियोजित रकम तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलव्धी हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| **क्र.सं.** | **कार्यक्रम** | **विनयोजन बजेट** |
|---|---|---|
| १ | पशु दाना प्रवर्द्धन कार्यक्रम | ३०३८००० |
| २ | दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम | १०००००० |
| ३ | मासु प्रवर्द्धन कार्यक्रम | २०००००० |
| ४ | अति गरिव परिवारहरुको लागि साझा सुविधा केन्द्रको स्थापना | ५००००० |
| ५ | पोषण संवेदनसिल | १५०००० |

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

२९.१ स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ७ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ११० जनालाई औसत ६८.८ दिनको दरले ७५६९ दिन रोजगारी उपलव्ध गराई रु ५०,५६,०९२ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२९.२ वार्षिक कार्यक्रममा समावेश नगरी आयोजना छनौट गरेको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को बुँदा नं. ७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वियन हुने आयोजनाहरु स्थानीय तहको बार्षिक कार्यक्रममा समावेश हुनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले बार्षिक कार्यक्रममा समावेश नगरी(कार्यपालिकाको निर्णय गरेर) कार्यक्रम तथा आयोजना छनौट गरी कार्यान्वियन गरेको छ । पालिकाले

कार्यविधिको पालना गरी बार्षिक कार्यक्रममा समावेश गरी आयोजना छनौट गर्नुपर्नेमा कार्यविधिको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३० **लघुउद्यम कार्यक्रम :**

३०.१ गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम(मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न सीपमूलक तालीम संचालन गरी ६४ जनालाई तालिम र ९६ जनालाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी रु.३९९,००० खर्च गरेको छ। यसरी तालीम प्राप्त उद्यमीहरुलाई विभिन्नलाई प्रविधि हस्तान्तरण अन्तर्गतको सामान वितरण गरेको छ। गरिबी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना भए/नभएको सम्वन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

| क्र.सं. | तालिमको नाम | सहभागी संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | अगरबत्ती बनाउने तालिम | १२ | ८३५०० |
| २ | डल कुशन तालिम | १२ | ९१४०० |
| ३ | चुरामाला तालिम | १२ | ७७७०० |
| ४ | मुडा बनाउने तालिम | १० | ७३२०० |
| ५ | मुडा बनाउने तालिम | १० | ७३२०० |
| **जम्मा** | | **५६** | **३९९०००** |

३०.२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार तालिम सञ्चालन गरे वापत सहभागि भत्ता प्रदान गर्ने सम्बन्धी कुनै कानूनी व्यवस्था नरहेकोमा पालिकाले पाँच तालिम सञ्चालन गरे बापत सहभागिलाई थप सहभागि भत्ता समेत दिएकोले उक्त सहभागि भत्ता असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,२०० |

३०.३ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार प्रविधि हस्तान्तरणमा अन्तर्गत गो.भौ. २०६।२०८१-०३-२१ मा पालिकाले ५ थान सिलाई मेसिन कल सहित प्रति थान रु. १५५०० मा क्षितिज ट्रेड एण्ड सप्लायर्सबाट खरिद गरेको छ। लेखापरीक्षण अविध २०८१।१०।१२ सम्म उक्त मेशिन स्टोरमा नै देखिएको तथा सहभागिहरुलाई तालिम सञ्चालन गरेको उपस्थिति लगायत प्रमाणित कागजात नदेखिएकोले संघीय सशर्तबाट अनुदानबाट प्राप्त बजेट फ्रिज नगर्ने उद्धेश्यले मात्र खरिद देखिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४०,००० |

३१ **खाना तथा विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान गर्दा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस आर्थिक वर्षमा आन्तरिक आय रु. २८५,८६,३३१ रहेकोमा विविध खर्च तर्फ पालिकाले पालिकामा रु. १४,२३,४२६ र वडा कार्यालय तर्फ रु. ९,५१,५०० गरी जम्मा रु.

२३,७४,९२६ खर्च भएको छ। जुन आन्तरिक आयको ८.३० प्रतिशत हुन आउँछ। अत पालिकाले विविध खर्च गर्दा आन्तरिक आयको परिधिमा रहेर मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्दछ।

३२ **कृषकसँग पालिका प्रमुख :**

३२.१ बैजनाथ गा पा कृषकसँग पालिका प्रमुख कृषि कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरुको स्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छ :

३२.२ बैजनाथ गा.पा. कृषकसँग पालिका प्रमुख कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को परिच्छेद-४ मा यस कार्यक्रम अनुसार सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले कम्तिमा त्रैमासिक रुपमा अनुगमन गर्नुपर्ने, अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगती विवरण त्रैमासिक तथा वार्षिक रुपमा सम्बन्धित कार्यालयमा बुझाउनु पर्ने तथा कार्यक्रमको कार्यान्वियन पश्चात विषयगत शाखाहरुले कार्यक्रमका पूर्व निर्धारित उद्देश्य र प्राप्त उपलब्धीहरुको प्रभाव मूल्याङ्कन गर्न सक्नेछ। त्यसरी प्रभाव मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको सुझावको आधारमा अनुदान सम्बन्धी नीति निर्माण गर्दा पृष्ठपोषणको रुपमा ग्रहण गर्न सकिने व्यवस्था। पालिकाले आ.व. २०८०।८१ मा किसानसंग पालिका प्रमुख कार्यक्रम अन्तर्गत चालु तथा पूँजीतग गरी ३,८९,८८,१०० खर्च छ। यसरी सार्वजनिक स्रोतको उपयोगबाट सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी भए नभएको, यस्ता कार्यक्रमको उपयोगिता तथा उत्पादकत्व, कार्यान्वियन योग्यता एवं प्रभावको सम्बन्धमा अनुगमन गर्नुपर्ने व्यवस्थाको पालना भएको विवरण लेखापरीक्षणको क्रममा प्राप्त हुन सकेन। पालिकाले आफ्नै कार्यविधि पालन/कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३३ **कृषि पशु अनुदान :**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह समेतको स्रोत साधनको संलग्नतामा विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ९४ जनाको लागि रु ३०,९२,०२८ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ।

| क्र.म. | अनुदानको किसिम | व्यक्ती/व्यवसायीसंख्या | रकम |
|---|---|---|---|
| १ | पशुपालन नश्ल सुधार कार्यक्रम- बोका ४६ वटा | ४६ व्यवसायी | ११८२३६६ |
| २ | पशुपालन नश्ल सुधार कार्यक्रम- बंगर बिर ३४ वटा | १२ व्यवसायीलाई | ३०६००० |
| ३ | पशुपन्छी बाख्रा तथा बंगुर वितरण- बाख्रा ४२ थान | २१ जानलाई | १००३६६२ |
| ४ | पशुपन्छी बाख्रा तथा बंगुर वितरण- बंगुरको पाठा पाठी ७५ वटा | १५ जनालाई | ६००००० |
| | **जम्मा** | **९४** | **३०९२०२८** |

३४ **सीपमुलक तथा आयआर्जन तालिम :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश

गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले "महिला, द्वन्द्व पिडित जनजाति, थारु, कम्लरी, दलित, मुस्लिम, मधेसी, बादी समूदाय बेपत्ता परिवार लैंगिक तथा यौनिक अल्पसंख्यक लगायतका लागि सीप मुलक तथा आयआर्जन सम्बन्धी तालिम तथा कार्यक्रम "अन्तर्गत रु.२२ लाख बजेट अवण्डा राखी कार्यपालिकाको मिति २०८१।१।१७ को निर्णय बमोजिम निम्न खर्च उपशीर्षक तथा कार्यक्रममा खर्च भएको छ। यसरी खर्च गर्दा पशु पालन गर्ने गोठ स्थानको अध्ययन गरेको देखिदैन भने कृषक छनौटको आधार समेत स्पष्ट गरेको पाईएन। बजेट अवण्डा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको देखिदैन। यस्तो बजेट तथा कार्यक्रमको लागि अबण्डामा बजेट राख्नु भन्दा सभाबाट बजेट तथा कार्यक्रम पारित कार्यक्रम अनुरुप गर्नुपर्ने देखिन्छ। यसबाट बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन सकिन्छ। अबण्डा बजेटबाट पालिकाले छुट्टै निर्णय गरी विभिन्न संजाललाई अनुदान दिएको विवरण निम्न छ :

| **क्र.स.** | **संजालको नाम** | **कार्यक्रम** | **विनियोजित रकम** |
|---|---|---|---|
| १ | विपन्न महिला संजाल | बाख्रा वितरण | ३०००० |
| २ | जनजाती महिला संजाल | बंगुरका पाठा वितरण | ३००००० |
| ३ | बादि समुदाय संजाल | बाख्रा वितरण | २००००० |
| ४ | गन्दर्भ समुदाय संजाल | बाख्रा वितरण | १००००० |
| ५ | यौनिक अल्पसंख्यक संजाल | नभएको | ५०००० |
| ६ | मधेशी मुस्लिम संजाल | बाख्रा वितरण | २००००० |
| ७ | थारु महिला तथा बडघर संजाल | बंगुरका पाठा वितरण | ३००००० |
| ८ | दलित महिला संजाल | बाख्रा वितरण | ३००००० |
| ९ | न्यायका लागि द्वन्द पीडित संजाल | बाख्रा वितरण | ३००००० |
| १० | कमलरी संजाल | बंगुरका पाठा वितरण | २००००० |
| ११ | अपांगता संजाल | बाख्रा वितरण | २०००० |

३५ **कृषि तालिम :**

बैजनाथ गा.पा. कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८ को बुँदा नम्बर १४.४ मा सबै प्रकारका तालिम गोष्ठी, सेमिनार एवं कार्यशाला सञ्चालन सम्बन्धी मापदण्ड बमोजिम तालिम कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा देहायको कार्यक्रममा आन्तरिक सहजकार्तालै तोकिएको दर भन्दा बढी भुक्तानी भएकोले सम्वन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.

| **गो.भौ.** | **भुक्तानी पाउने** | **लिनुपर्ने प्रतिकक्षा** | **लिएको प्रतिकक्षा** | **कक्षा संख्या** | **बढी भुक्तानी रु.** |
|---|---|---|---|---|---|
| ५- २०८०।०८।२ गहुँ खेति सम्बन्धी तालिम खर्च भुक्तानी | रामचन्द्र बानिया | ७०० | ८०० | ४ | ४०० |
| | | | | **जम्मा** | ४०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०० |

३६ **पशु बीमा कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। पशु बीमा कार्यक्रम अन्तर्गत प्रिमियम बापतको ८० प्रतिशत रकम संघीय सरकार र बाँकी २० प्रतिशत रकम किसानले तिर्नु पर्ने उल्लेख छ। पालिकाले पशु बीमा कार्यक्रम वापत रु. १२००,००० बजेट विनियोजन गरेकोमा कार्यविधि बिना कुल ८५९ पशुको बीमा वापतको २० प्रतिशतले हुने रकम रु. ८१७,७७५ रकम कृषकले व्यहोर्नुपर्ने अशं पालिकाले नै खर्च गरेको देखियो। यसरी संघीय अनुदान दिएको ठाउँमा स्थानीय तहले कृषकको योगदान बेगर दिएको अनुदान नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,१७,७७५ |

३७ **वितरणको भर्पाई पेश गर्ने :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च भुक्तानी दिदा उक्त खर्च पुष्ट्याई गर्ने बील भर्पाई तथा खर्च पुष्ट्याँई गर्ने प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले कृषकसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत कृषकहरुलाई वितरण गर्न भनि डेलिभरी पाइप, कटन पाइप, कृषि मोटर लगायतका सामानहरु खरिद गरेको छ। ती सामानहरु पालिकाले लेखापरीक्षणको अवधीसम्म पनि वितरण नगरेको र पालिकामा स्टकमा नै रहेका निम्ना सामानहरु खरिदको औचित्य पुष्ठी हुदैन। उक्त सामानहरुको वितरणको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ | कार्यक्रम | खरिद सामाग्रि | रकम रु. |
|---|---|---|---|
| ३५।०८१।३।२२ | किसान संग पालिका प्रमुख | डेलिभरी पाईप-१०० के.जि<br>कटन पाईप-९२ रोल<br>सेक्सन पाईप १५० फि. | ४९३००० |
| ३४।०८१।३।२२ | किसान संग पालिका प्रमुख | मोटर २ एच पि -१३ पिस<br>मोटर १.५ एच पि -१४पिस<br>मोटर १ एच पि -१४पिस | ५९४९०० |
| ३३।०८१।३।२२ | किसान संग पालिका प्रमुख | कटन पाईप ३ ईन्च-९० रोल<br>कटन पाईप ४ ईन्च-९० रोल | ६१५८०० |
| ४३।०८१।३।२३ | किसान संग पालिका प्रमुख | मोरिङ्ग विरुवा -१६५०० थान | ९०७५०० |
| ९।०८१।२।२७ | किसान संग पालिका प्रमुख | तरकारि बीउको कम्पोजिट प्याकेज-१०३३ | २४३००० |
| ५९।०८१।३।२३ | किसान संग पालिका प्रमुख | होप त्रिपाल २०० जि.एस.एम -२८६ थान<br>२५ के.जि क्षमताको क्रेट -४६० थान | ३९४६०० |
| ६०।०८१। ३।२३ | किसान संग पालिका प्रमुख | आँपको विरुवा ४५००<br>लिचिको विरुवा २४५०<br>अम्बा विरुवा २५०<br>कागति ६५० | ३२५००० |
| **जम्मा** | | | **३०,८०,८००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,८०,८०० |

३८ **न्यानो झोला कार्यक्रम :**

आर्थिक वर्ष ०८०।८१ मा स्थानीय तहहरुबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन कार्यक्रम नं. २ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ तथा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकामा गत वर्षको न्यानो झोलाको मौज्दात रहेको छैन भने यस वर्ष ७८४ थान रु. ६,९९,८७६ को खरिद गरेकोमा २३७ न्यानो झोला मात्र वितण गरी ५४७ पालिकाको मौज्दातमा नै रहेका छन्। जुन सङ्ख्या दुई वर्षको प्रसुती दरका आधारमा बढी रहेको देखिन्छ। साथै, खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

३९ **औषधी खरिद :**

३९.१ पालीकाले यस वर्ष सङ्घीय सशर्त र पालीकाको आन्तरिक बजेटबाट बोलपत्र र सोझै खरिद मार्फत वर्ष भरिमा कुल रु. ३९५८,००० को औषधि खरिद गरेकोमा देहाय बमोजिम पाईयो :

३९.२

**लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष स्वास्थ्य संस्थाका लागि आवश्यक ६६ आईटम औषधीको रु.४३८४७१८ को लागत अनुमान तयार गरी बोलपत्रको आह्वान गरेको देखिन्छ। सूचना बमोजिम कम कबोल गर्ने सिर्जना मेडिसिन सप्लायर् सँग २०८०।७।२६ भित्र औषधि उपलब्ध गराउने गरी रु.१८७१८६ को सम्झौता भएकोमा २०८०।७।२५मा दाखिला गरी गो.भौ २६ र ६८ मार्फत कुल १५,८२,००० भुक्तानी भएको पाईयो । लागत अनुमान भन्दा ६३.९ प्रतिशत कममा सम्झौता भएको देखिएकोले खरिद पूर्वको लागत अनुमान यर्थाथपरक छ भनि आश्वस्त हुनसक्ने अवस्था रहेन । अतः पालीकाले लागत अनुमानलाई वास्तविक र यर्थाथपरक बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३९.३ **बढी लागत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४)मा सार्वजनिक निकायले एकलाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका तीन वटा फर्मबाट दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने उल्लेख छ, भने नियम ८६(घ)मा आपूर्तिकर्ताबाट प्रस्तावित मुल्य उचित भए नभएको एकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्काबाट बचत भएको रकम मध्ये ५४ आईटम औषधी खरिदका लागि रु. २३,०५,२९० को लागत अनुमान तयार गरी ४ वटा फर्म मार्फत दररेट माग गरेकोमा पेश भएका ४ वटै दरभाउपत्र लागत अनुमान भन्दा बढी भएकोमा ओसियन फर्मा,कोहलपुरको रु.२३,२०,८९० दरभाउपत्र स्वीकृत भएकोमा खरिद कार्यको गो.भौ ८३।२०८०।३।२० बाट रु.२३,२०,००० भुक्तानी भएको देखिन्छ। लागत अनुमान भन्दा बढीको दरभाउपत्र स्वीकृत गरी खरिद गरेकोमा सोको कारण खुलाएको छैन। ठेक्काबाट खरिद भएको दर रेट प्रयोग नगरी सोझै खरिद गर्दा महंगो परेको पाइयो । पालिकाले खरिद कार्य गर्दा मितव्ययीता कायम गर्नुपर्दछ तथा लागत अनुमान भन्दा बढीको सम्झौता गर्नु पर्ने भएमा सो को कारण खुलाएर मात्रै गर्नुपर्ने देखिन्छ।

४० **प्रोत्साहन भत्ता :**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको विचार गरी कानूनी व्यवस्था गरेर मात्र कुनै पनि सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले स्वयंसेवकको रुपमा कार्य गर्ने महिला स्वंयसेविकालाई प्रति महिना यातायात खर्च वापत रु.१००० तथा पोशाक खर्च वापत रु. १०००० गरी ९२ जना महिला स्वंयसेविकालाई कुल रु २०२४००० भुक्तानी गरेको छ। पालिकाले दीर्घकालिन रुपमा आर्थिक व्ययभार पर्ने कुराको अध्ययन नगरी, आन्तरीक आय समेत विश्लेषण नगरी, तथा कार्यविधि समेत तयार नगरी ९२ जना महिला स्वंयसेविकालाई प्रति महिना जम्मा रु. ३००० थप गरी अतिरिक्त प्रोत्साहन वापत रु ३५८८००० अतिरिक्त खर्च गरेको देखिन्छ। अत, उक्त प्रोत्साहन वापतको खर्च नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३५,८८,००० |

४१ **विपद् व्यवस्थापन कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको बील भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न खरिदमा आवश्यकताको अनुमान गरी खरिद गर्नुपर्नेमा आवश्यकता वेगर खरीद गरी देहाय अनुसारको

मौज्दातमा राखेको पाईयो। पालिकाले आवश्यकताका आधारमा खरीद गर्नुपर्ने तथा मौज्दातको वितरण गरी सो को भरपाई पेश गर्नु पर्ने रु.

| गो भौ नं र मिति | खरिद सामग्री | संख्या | दर (भ्याट सहित) | वितरण | बाँकी | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| २०।२०८१-०३-०६ | ब्लाङ्केट खरिद | १७० थान | १६०४।६० | ० थान | १७० थान | २७२७८२ |
| १९।२०८१-०३-०६ | DPH फेविक त्रिपाल | २५३ थान | २६६२।२७ | ८० थान | १७३ थान | ४६०५७२.७१ |
| **जम्मा** | | | | | | **७३३३५४.७१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३३,३५५ |

४२ **राष्ट्रिय शिक्षा नीतिको पालनाः**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिबेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धी मापदण्ड तयार गरी अनुमगन मूल्याङ्कन प्रतिबेदन तयार गरेको छैन। यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् :

• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

• प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ।

४३ **बाल विकासका कर्मचारी :**

पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा बालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ। पालिकाले विद्यालयहरुमा बालविकास कक्षामा विद्यार्थी संख्या उल्लेख्य नरहेको अवस्थामा समेत बालविकास कर्मचारी संख्या बढी वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ। यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा बालविकास कर्मचारी नपुग हुने र केही विद्यालयमा विद्यार्थी संख्या कम भएकोमा बालविकास कर्मचारी बढी हुने अवस्था देखियो। अतः आवश्यकता र विद्यार्थी संख्याको आधारमा बालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४ **बालविकास सहजकर्तालाई अतिरिक्त भुक्तानी**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको विचार गरी कानूनी व्यवस्था गरेर मात्र कुनै पनि सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बालबिकास सहजकर्ता तथा बालविकास शिक्षकलाई पालिकाको आफ्नै स्रोत तथा संघीय सशर्त अनुदानबाट प्रति महिना रु १५००० को दरले ६० जनालाई कुल रु. ११७००००० भुक्तानी गरेको छ। पालिकाले दीर्घकालिन आर्थिक व्ययभार पर्ने कुराको अध्ययन तथा विश्लेषण नगरी कुल

६० जना बालबिकास सहजकर्ता तथा बालविकास शिक्षकलाई १३ महिनाको प्रति महिना रु. २५०० प्रोत्साहन थप गरी रु. १९५०००० भुक्तानी गरी बढी व्ययभार पारेको रु.

| अनियमित भएको | १९,५०,००० |
|---|---|

४५ **पाठ्य पुस्ताकमा बढी भुक्तानी :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को ३.१ मा विद्यालयको एकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तकको रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८० बैशखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ। पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा जम्मा रु. ८५,२१,५३० विभिन्न ३७ विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको पाईयो। तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुमा IEMIS मा भएको तथ्याङ्क भन्दा बढी निकासा देखिएकोले उक्त रकम असूल गरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

| गो.भौ.नं. | विद्यालयको नाम | जानुपर्ने रकम | गएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | ज्योती आ वि | ८०८३२ | ८२९५७।७३ | २१२५।७३ |
| २ | भगवती मा वि | ४१२२१७ | ४२४६३७ | ११७२० |
| ३ | समावेशी मा वि | ४५७३७६ | ४५९२६० | १८८४ |
| ४ | ने रा मा वि नौबस्ता | ४२६५४३ | ४२७८६६ | १३२३ |
| ५ | ईश्वरी मा वि | २२९३७७ | २३१६४७ | १४१२८ |
| ६ | ने रा मा वि पेडारी | २३३३७८ | २४५७६८ | १२३९० |
| ७ | सुन्दर आ वि छमनिया | १२२६९२ | १४४८८१ | २२१८९ |
| ८ | वि पि मेमोरियल मा वि | ३२०६९१ | ३३१९०० | ११२०९ |
| ९ | सरस्वती मा वि बैरहवा | ३६८०८० | ३७५०७६ | ६९९६ |
| **बढी भुक्तानी** | | **२६५११८६** | **२७२३९२२।७३** | **८३९६४।७३** |

| प्रमाण पेश नगरेको | ८३,९६५ |
|---|---|

४६ **पाठय पुस्तक वितरण रकमको बिल भरपाई पेश नभएको :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को ३.१ मा विद्यालयको एकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८० बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ।पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा प्रथम किस्ता ७५% रु. ६१९६२२३।-, दोस्रो किस्ता र पुनः थप निकासा रु २३२५३०७।- गरी जम्मा रु. रु.८५२१५३०।- विभिन्न ३९ विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको देखियो। तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई पाठय पुस्तक वितरणमा रकम भुक्तानी गरेकोमा विद्यालयले पालिकामा बील भरपाई पेश नगरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| गो भौ नं | विद्यालयको नाम | भरपाई पेश नभएको | कैफियत |
|---|---|---|---|
| १ | भगवती मा वि | ४१२२१७ | भर्पाई पेश हुनुपर्ने |
| २ | प्रभात मा वि जिगाउँ | १७१३३४।८० | |
| ३ | ने रा मा वि नौबस्ता | ४२६५४३ | |
| ४ | सरस्वती मा वि बैरहवा | ३६८०८० | |
| **जम्मा** | | **१३७८१७५** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,७८,१७५ |

४७ **बढी भुक्तानी :**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यक भन्दा बढी रकम माग गर्ने नमिल्ने व्यवस्था छ। पालिकाले देहायका विद्यालयलाई अवकाश भएका शिक्षकको तलब, भत्ता तथा पोशाक खर्च वापत अवकाश पश्चात भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल उपर गर्नुपर्ने रु.

| क्रम संख्या | विद्यालयको नाम | तलब | बढी तलब भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | ने रा मा वि पेडारी | ५०७९३।४० | १२९२७८.२० | पुसको १२ दिन माघ फाल्गुण चैत्र र पोशाक खर्च भुक्तानी |
| २ | ने रा मा वि टिटिहिरिया | ७०८०६।८९ | २४३६४९.४० | मंसिर १६ दिन पुस देखि चैत्रको पुरा तलब तथा पोशाक भत्ता |
| **जम्मा** | | | **३७२९२७.६०** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४९,१२४.५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७२,९२७.६ |

४८ **शिक्षक तबल भत्ता :**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को बुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यरत सबै शिक्षकहरु, प्रारम्भिक बाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलब भत्ता सवै सशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ । शिक्षा नियमावली २०५९ को नियम ९७ (१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थायी नियुक्तिको लागि उम्मेद्वार सिफारिश भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै उक्त नियम ९८(१) मा कुनै पनि व्यक्ती वा शिक्षकलाई रिक्त दरबन्दी नरहेको विधालयमा नियूक्ती वा सरुवा गर्न नहुदैन भनी व्यवस्था गरेको छ। तर पालिकाले अनुदानबाट निम्न विधालयमा दरबन्दी भन्दा बाहिरका शिक्षकको तलब भत्ता निकाशा दिएको छ। विधालयकमा कक्षा संचालन भएको तर शिक्षक दरबन्दी स्विकृत नभएको कारणले दरबन्दी भन्दा बाहिरको शिक्षकलाई तलब भत्ता निकाशा दिनु परेको भनाई रहेको छ।

पालिकाले शिक्षकको दरबन्दी मिलान गरी दरबन्दी स्विकृत गरी मात्र तलब भत्ता निकाशा दिनुपर्दछ। पालिकाले दिएको विवरण अनुसार सशर्त अनुदानबाट भुक्तानी हुने शिक्षकको तलब भत्ता गाँउपालिका अनुदानबाट भुक्तानी भएको विवरण निम्न छन् :

**(विस्तृत विवरण बेरूजु दफा ४८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४९ **शैक्षिक विद्यालय गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित अनुदानः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गतको उपक्रियाकलापमा विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारको दरले अनुदान दिने, उक्त अनुदानबाट विद्यालयले लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै: पुस्तक र्‍याक, कुर्सी टेबुल लगायतका सामग्रीहरु व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशतसम्म बजेट खर्च गर्न सक्ने र बाँकी अनुदान रकमबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले पुस्तकालय स्थापना तथा विज्ञान प्रयोगशालाको स्थापनाको लागि विभिन्न विद्यालयलाई रु. ६ लाख ५० हजार अनुदान उपलब्ध गराएकोमा सो विद्यालयले उक्त अनुपातमा खर्च नगरेकोले कार्यान्वयन पुस्तिकाको पालना भएको देखिएन। विद्यालयहरुले अनुदान रकम खर्च गर्दा कार्यान्वयन पुस्तिकाले तोकेको शर्तको पालना गरेर मात्र खर्च गर्नुपर्ने तथा सम्बन्धित विद्यालयमा दाखिला समेत पेश नभएकोले विद्यालयमा दाखिला गरी पालिकाबाट अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

| क्र सं. | विद्यालयको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रारा माध्यमिक विद्याय गाभर | विज्ञान प्रयोगशाला | ६५०००० | विद्यालयले विज्ञान प्रयोगशाला तथा पुस्तकालय सामान खरिद गरेकोमा कुनै पनि विद्यालयले विद्यालयमा दाखिला भएको प्रमाण पेश नगरेकोले |
| २ | वागेश्वरी माध्यमिक विद्याय गाभर | पुस्तकालय | ६५०००० | |
| ३ | सरस्वती माध्यमिक विद्याय वैरहवा | विज्ञान प्रयोगशाला | ६५०००० | |
| ४ | सुन्दर माध्यमिक विद्याय वैरहवा | पुस्तकालय | ६५०००० | |
| ५ | ने रा मा वि गुरुवागाउँ | विज्ञान प्रयोगशाला | ६५०००० | |
| ६ | शंकर माध्यमिक विद्यालय थपवा | विज्ञान प्रयोगशाला | ६५०००० | |
| ७ | जनसहयोगी आधारभुत विद्यालय फत्तेनगर | विज्ञान प्रयोगशाला | ६५०००० | |
| **जम्मा** | | | **४५५००००** | |

सोधभर्ना नलिएको

५० **शिक्षक विद्यार्थी अनुपात :**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसूची १२ बमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरबन्दी हुनुपर्दछ। पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकाबाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलब भत्ता भुक्तानी भएको पाईयो। पालिकाले नियमवलीले तोकेको शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ।

| क्र.सं. | विद्यालयको तह | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | आधारभुत तह १-५ | ४८०२ | १६९ | १:२८ |
| २ | आधारभुत तह १- ८ | ३६०१ | ९२ | १:३९ |
| ३ | माध्यमिक तह | २९५४ | ७० | १:४२ |

५१ **विद्यार्थी मूल्याङ्कन तथा ग्रेड निर्धारण :**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारणगरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थीलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ। पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा १५३१ विद्यार्थी मध्ये देहायका विद्यार्थीहरूलाई मात्र ग्रेड बृद्धि गरेको र ३७४ विद्यार्थिहरुलाई ग्रेड बृद्धि नगरी सोहि कक्षामा राखेको देखियो। यसरी हेर्दा कक्षा ८ को विद्यार्थीको परीक्षाको प्रतिफल औषतमा रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन। पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र स | बिषय | विद्यार्थि | A+ | A | B+ | B | C+ | C | D | NG |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अंग्रेजी | १५३१ | ४ | ३४ | ५२७ | २४० | २३२ | २३० | २३० | ३४ |
| २ | गणित | १५३१ | ८ | ४७ | ७१६ | १२० | १२० | २४० | २१९ | ६१ |
| ३ | नेपाली | १५३१ | ११ | २७ | ४६९ | २२० | १४० | २८० | ३३६ | ४८ |
| ४ | बिज्ञान तथा प्रबिधि | १५३१ | ४ | ४६ | ५२७ | २३८ | १४० | २७६ | २४० | ६० |
| ५ | सामाजिक अध्ययन तथामानव मुल्य शिक्षा | १५३१ | ४ | ४५ | ३७७ | ३४९ | ३२४ | १४३ | २२९ | ६० |
| ६ | स्वास्थ्य, शारीरिकतथा सिर्जनात्मककला | १५३१ | १ | १६ | ४१९ | ३३४ | २९० | १६० | २५४ | ५७ |
| ७ | हाम्रो बैजनाथ | १५३१ | ६ | ५१ | ३६२ | ३२१ | ३२९ | १७७ | २३१ | ५४ |

५२ **सिकाई सहजीकरणः**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४२ मा स्थानीय तहमा कोभिड-१९ का कारण उत्पन्न परिस्थीतिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमको व्यवस्था छ । पालिकाले स्थानीय तह भित्र अध्ययनरत विद्यार्थीहरु, सञ्चार माध्यम तथा ईन्टरनेट सुविधाको पहुँच नभएका बालबालिकाको तथ्याङ्क एकिन गरी त्यस प्रकारको विद्यार्थीहरुको सिकाई निरन्तरताको लागि केन्द्रबाट विकास भएका तथा स्विकृत पाठ्यसामाग्री छपाई गरी वितरण गर्नुपर्ने उल्लेख छ। तर पालिकाले यस बर्ष विनियोजित रकमबाट स्विकृत पाठ्य सामाग्री खरीद गरेर वितरण नगरी तथा सो सँग सम्बन्धित तालिम सञ्चालन नगरी म्याक्सवेल प्रिन्टसलाई सिकाइ सहजीकरण पुस्तिका १५०० थान रु. २३५ खरिद गरेको छ। IEMIS अनुरुप सामुदायिक विद्यालयमा ९४५ तथा समुदायमा आधारित बालबिकास केन्द्रमा ८४ गरी जम्मा १०२९ विद्यार्थी रहेकोमा IEMIS तथ्याङ्क भन्दा ४७१ थान बढी खरिद गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकाको उद्वेश्य भन्दा बाहिर गरेको खर्चले उद्वेश्य प्राप्ति नहुने देखिएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,२५,०७४ |
|---|---|

५३ **दिवा खाजा :**

५३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८० को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५ का दरले बढीमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै, दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ। तर पालीकाले यस बर्ष दिवा खाजाको लागि विभीन्न ३९ वटा विद्यालयहरुमा गरी जम्मा रु. ८७२८१७४.३८ विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चैमासिक रुपमा निकासा दिई सदुपयोगको स्थीति समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ।

५३.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विद्यार्थिको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो। पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो। कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ।

५३.३ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतक सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बील भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ। साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने। सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्बन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ।

५४ **खरिद सीमा :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु. १० लाख भन्दा बढी रकमको मालसामान एउटै व्यक्ती फर्म वा कम्पनी तथा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्ष देहायका फर्मबाट पटक पटक गरी रु. १० लाखको सीमा भन्दा बढी सोझै खरिद गरी भुक्तानी

दिएको छ। नमूना परीक्षण गर्दा पालिकाले उक्त कानूनी व्यवस्थाको पालना नगरी देहायका फर्म वा संस्थाबाट गरेको खरिद नियमसंगत नदेखिएको रु.

| फर्म | गोश्वरा भौचर | खरिद सामाग्री | भुक्तानी रु. |
|---|---|---|---|
| मिसन अफसेट प्रेस | २, २८, १२१, १९७, २८५, ३५७ | मसलन्द तथा कार्यालय सामाग्री, छपाई | २६,७७,७५१ |
| क्षितिज ट्रेड एण्ड सप्लायर्स | ६, २९०, ५१५,५३१, ६२३ | मसलन्द तथा कार्यालय सामाग्री, छपाई | २१,८३,६३३ |
| एम.जि.प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि. | ३०, १७१,२३२, ६८५ | मसलन्द तथा कार्यालय सामाग्री, छपाई | १२,०२,४६६ |
| महालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्स | १३९, १८४, ३०४, ६४९, ६७६ | सिरक डसना लगायत कार्यालय सामाग्री खरिद | २१,९२,३०१ |
| प्रतिक विजनेस हाउस प्रा.लि. | १०,११ | चारा मिल तथा मिनिमिल खरिद | ११,४३,६३५ |
| एस.के.एग्रो फर्मा एण्ड सप्लायर्स | ४, १४, ४९ | गँहु, धानको तथा हिउँदे घास खरिद | १९,०९,१९८ |
| एम.जि.प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि. | ३०,१७१,२३२,६८५ | विविध भुक्तानी | १२,०२,४६६ |
| एस.एच.फर्निचर उद्योग | २१, ७३, १३१, १५८, ६५२, १७७, ५४ | फर्निचर तथा मेसिनरी | १२,०७,०७६ |
| | | **जम्मा** | **१३७१८५२६** |
| | | अनियमित भएको | १,३७,१८,५२६ |

५५ **स्यानिटरी प्याड खरिद :**

५५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालीकाले नियमावलीको व्यवस्था अनुसारको लागत अनुमान तयार गरी खरीद गर्नुपर्नेमा लागत अनुमान समेत तयार नगरी कोटेशनको माध्यमबाट रारा हाइजिन प्रोडक्स प्रा.लि. बाट गो.भौ. २९।०८०।७।१७ मा प्रति प्याड रु.६४ का दरले २६,४५० प्याडको रु. १९१२८६४ भुक्तानी दिएको छ। पालिकाले खरिद परिमाण तथा लागत अनुमान समेत तयार नगरी कोटेशन मार्फत खरिद गरेको देखिएकोले प्रचलित कानूनी व्यवस्थाको पालना नगर्ने अधिकारीलाई जिम्मेवार बनाउनुपर्छ।

५५.२ पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या एकिन गरी एवं पालिकाको गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा विद्यालयहरुबाट छात्राको कक्षागत विवरण नलिई २६४५० थान प्याड मुल्य रु १९१२८६४(प्रति पिस रु ६४का दरले) खरिद गरेकोमा ५२० थान मात्र विद्यालयलाई वितरण गरेको देखिन्छ। यसरी वर्षान्तमा खरिद भएको मध्ये २५९३० थान मूल्य रु १६५९५२० बराबरको सेनिटरी प्याड मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको समेत पाइएन। पालिकाले आवश्यकताको पहिचान गरेर आवश्यक परिमाणमा मात्र प्याड खरिद गरी सार्वजनिक खरिदलाई मितव्ययी बनउनुपर्दछ। पालिकाले खरिद गरी मौज्दातमा रहेका प्याड विद्यालयमा छात्रा संख्याको आधारमा हस्तान्तरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १६,५९,५२० |
|---|---|

५६ **आर्थिक सहयाता :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(७) मा स्थानीय सरकारले उक्त क्षेत्रको कार्यान्वयन गर्नको लागि ऐन, नियम, मापदण्ड तथा कार्यविधि बनाएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको मिति २०८०।१।२४ को कार्यपालिकाको निर्णय बमोजिम रु. ५ हजारसम्म अध्यक्षको तोक आदेश बमोजिम भुक्तानी दिने निर्णय गरेको छ तथा ५ हजार भन्दा बढिको आर्थिक सहायता कार्यपालिकाको निर्णय बमोजिम वितरण गर्ने गरेको गरेको। पालिकाले दिएको विवरण अनुसार यस वर्ष विभिन्न भौचरबाट अध्यक्षको तोक आदेश अनुसार ९१ जनालाई रु. ४,०८,००० र कार्यपालिकाको निर्णय अनुसार ३९ जनालाई रु. २,३७,५०० गरी जम्मा १३० जनालाई रु. ६,४५,५०० आर्थिक सहायता उपलब्ध गराएको छ। पालिकाले आर्थिक सहायता वितरण गर्दा कानून बनाएर दोहोरो नपर्ने गरी वितरण गर्नुपर्दछ।

५७ **क्यालेण्डर छपाई :**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था गरेको छ। पालिकाले गोश्वरा भौचर नं. ४९३।०८१।१।३१ बाट २०८१ सालको ५९०० प्रति क्यालेन्डर छपाई गरी गैरे अफसेट प्रेशलाई रु. ४,००,००० भुक्तानी दिएको छ। साथै, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको हकमा बाहेक १ लाख रुँपैया भन्दा बढी खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले लागत अनुमान तयार र स्विकृत नगरी क्यालेन्डर छपाई कार्य गरेको नियमसंगत नदेखिएको रु.

| अनियमित भएको | ४,००,००० |
|---|---|

५८ **अनुगमन खर्च :**

५८.१ बैजनाथ गाँउपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अनुगमन टोली आवश्यक परी खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा बढीमा ३ जनासम्म खटाउन सकिने व्यवस्था रहेको छ। सुत्र प्रणाली अनुसार अनुगमन मूल्यांकन खर्चमा देहाय बमोजिम रु. २८९२०१५ खर्च भएको छ। अनुगमन मुल्यांकन शिर्षकवाट कर्मचारीको दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले अनुगमन मूल्यांकन शीर्षकमा बढी खर्च देखिएको पालिकाको भनाई रहेको छ। यस सम्वन्धमा नमुना परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छ :

| क्र.स. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|
| १ | सहकारी तथा वजार अनुगमन | ८५३४० |
| २ | अनुगमन मूल्यांकन खर्च ( पालिका ) | २१३२१५५ |
| ३ | ८ वटा वडाको योजनाको अनुगमन तथा अन्य विविध खर्च भुक्तानी | ६७४५२० |
| | **जम्मा** | **२८,९२,०१५** |

५८.२ **भत्ता भुक्तानी :** लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को बुँदा नं. १९ मा सार्वजनिक निकायको कार्यजिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा तथा

अतिरिक्त भत्ता लिन नपाईने व्यवस्था छ। त्यसैगरी पालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अनुगमन टोली आवश्यक परी खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा बढीमा ३ जनासम्म खटाउन सकिने व्यवस्था रहेको छ। यसरी खटिएका कर्मचारी तथा पदाधिकारीलाई अनुगमन भत्ता दिने व्यवस्था गरेको छैन । नमुना परीक्षणको क्रममा पालिकाले नियमित प्रकृतिको कार्य अनुगमन गरे वापत खर्च व्यवस्थापन निर्देशिका विपरित भत्ता भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

| क्र.स | गोश्वरा भौचर | विवरण | संख्या | दिन | भुक्तानी भएको रु |
|---|---|---|---|---|---|
| १ | ७९२।०८१।३।२४ | पालिका | ७ | ५१ | ३,११,००० |
| | ७९२।०८१।३।२४ | पालिका | ८ | ५ | ३७,००० |
| २ | ६७२।०८१।३।१६ | वडा नं १ | ७ | ८ | ५६,००० |
| ३ | ६६०।०८१।३।११ | वडा नं २ | ७ | ९ | ६३,००० |
| ४ | ६९५।०८१।३।१७ | वडा नं ३ | ८ | ८/९ | ६०,००० |
| ५ | ६४८।०८१।३।९ | वडा नं ४ | ७ | ९ | ६३,००० |
| ६ | ६७७।०८१।३।१६ | वडा नं ५ | ६ | १० | ६०,००० |
| ७ | ७६३।०८१।३।२३ | वडा नं ६ | ७ | ८ | ५६००० |
| ८ | ६७९।०८१।३।१७ | वडा नं ७ | ७ | ७ | ४९००० |
| ९ | ७३३।०८१।३।२० | वडा नं ८ | ७ | १२ | ७०,००० |
| | | | | **जम्मा** | **८,२५,०००** |

| अनियमित भएको | ८,२५,००० |
|---|---|

५९ **विज्ञापन शुल्क :**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको बील बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बीलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। साथै, विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेषित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । नमुना परीक्षणमा निम्न बमोजिमको सञ्चार माध्यमा सूचना तथा विज्ञापन भएकोमा विज्ञापन नियमावलीको व्यवस्था बमोजिम सूचना तथा विज्ञापन रकमको ३ प्रतिशत कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउनु पर्ने रु.

| गो भौ नं | पत्रिका | भुक्तानी रु. | ३ प्रतिशतले हुने |
|---|---|---|---|
| १५४।०८०।७।२३ | मिसन टुडे राष्ट्रिय दैनिक | १,९०,४३५ | ५,७१३ |
| २५६।०८०।११।२ | मानसरोवार विज्ञापन एजेन्सी | ३,५४,२५५ | १०,६२८ |
| २६१।०८०।११।६ | मिसन टुडे राष्ट्रिय दैनिक | १,१९,००० | ३,५७० |
| ५८२।०८१।२।२९ | दरसञ्चार मिडिया नेटवर्क | १,६१,००० | ४,८३० |
| ३३०।०८०।११।३० | एस विज्ञापन सेवा | १,१८,००० | ३,५४० |
| | | **जम्मा** | **२८,२८१** |

| प्रमाण पेश नगरेको | २८,२८१ |
|---|---|

६० **छपाई खर्च :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको हकमा बाहेक एक लाख रुँपैया भन्दा बढीको खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै उक्त ऐन दफा ८(२) मा प्रतिष्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। साथै, खरिद नियमावली २०६४ को नियम ३१ अनुसार २० लाख भन्दा माथीको खरिद कार्य गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ, तथा एउटै फर्मसंग बार्षिक १० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले विभिन्न छपाई कार्य गर्दा लागत अनुमान निर्धारण तथा पालिकालाई आवश्यक परिमाण निर्धारण नगरी कोटेशन माग गरेको तथा कोटेशनमा समेत परिमाण निर्धारण गरेको छैन। अर्थात, बील विजक आधारमा भुक्तानी गरेको छ। पालिकाले लागत अनुमान तयार नगरी तथा तोकिएको सीमा भन्दा बढी रकमको खरिद कार्य सोझै खरिद गरी भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

| गोश्वरा भौचर | प्रेश | पुस्तक | परिमाण | दर | भुक्तानी ( भ्याट सहित ) |
|---|---|---|---|---|---|
| २८।०८०।६।३ | मिसन अफसेट | योजना किताव | १६५० | २६५ | ४,९४,०९२ |
| ५१३।०८१।२।८ | मिसन अफसेट | योजना किताव | १३०० | २७० | ३,९६,६३० |
| १२१।।२०८०। ०७।१४ | मिसन अफसेट | नक्सा पास किताव | १०१० | ५०० | ५,७०,६५० |
| ३५७।०८०।१२। ७ | मिसन अफसेट | नक्सा पास किताव | ८५० | ५१९ | ४,९८,४०० |
| १७१।।०८०।०८। ०७ | एम. जी प्रिन्टर्स एण्ड सप्लायर्स | डायरी र लोगो प्रिन्ट | डायरी १०० थान र लोगो प्रिन्ट ११५०० | डायरीको १२०० र लोगो प्रिन्ट १६ | ३,४३,५२० |
| | | | | **जम्मा** | **२३,०३,२९२** |

| अनियमित भएको | २३,०३,२९२ |
|---|---|

६१ **इन्धन खर्च :**

६१.१ पालिकाले इन्धन तर्फ निम्न शीर्षकबाट रु ३७,५०,१७८ बजेट खर्च लेखेकोमा निम्न बमोजिम पाइयो :

| क्र.स | खर्च शिर्षक | खर्च रु |
|---|---|---|
| १ | इन्धन (कार्यालय प्रयोजन) | ३०,००,००० |
| २ | इन्धन ( अन्य प्रयोजन ) | ७८,१७८ |
| ३ | वडा कार्यालय तर्फको (इन्धन कार्यालय प्रयोजन ) | ६,७२,००० |
| | **जम्मा** | **३७,५०,१७८** |

६१.२ **निजी सवारी साधनलाई इन्धन सुविधा :** लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को बुदा नं. २२ (ग) मा आफ्नो कार्यालयको नाममा दर्ता भएका सवारी साधन बाहेक अन्य कुनै सवारी साधनको लागि सरकारी खर्चमा इन्धन प्रयोग गर्न पाईने छैन र त्यस्तो रकम भुक्तानी भएको पाइएमा भुक्तानी दिनेबाट अशुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ। बैजनाथ गाँउपालिका कार्यक्रम निर्देशिका, २०७८ को दफा १६ मा गाँउपालिकाको कार्यालयबाट चार पाङ्ग्रे सवारी साधनको हकमा मितव्ययी तरिकाले आवश्यकता अनुसार कार्यालयले इन्धनको व्यवस्था गर्ने र २ पाङ्ग्रे साधन प्रयोग गर्ने कर्मचारीहरुको लागि न्युनतम १० लिटर र अधिकतम १५ लिटर इन्धन उपलब्ध गराउने व्यवस्था छ । निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छैन। पालिकाले निजी सवारी साधनको हकमा उक्त सवारी साधन कार्यालय प्रयोजनमा प्रयोग भएको र उक्त सवारी साधनालाई इन्धन उपलब्ध गराउने भनी पूर्व स्विकृत नगरी मासिक इन्धन सुविधा उपलब्ध गराएको छ। पालिकाले निजी सवारी साधनलाई इन्धन सुविधा उपलब्ध गराउदा पुर्व निर्णय गरी उपलब्ध गराउनुपर्दछ। पालिकाले २ पाङ्ग्रे सवारी साधनलाई इन्धन सुविधा उपलब्ध गराउदा लग वुक, कार्यालय प्रयोजनमा प्रयोग भएको विवरण उल्लेख नगरी देहाय बमोजिम इन्धन वापतको रकम भनी भुक्तानी भएको छ। पालिकाले स्पष्ट विवरण राखी तथा निजी सवारीलाई इन्धन उपलब्ध गराउदा पूर्व निर्णय गरी उपलब्ध गराउनुपर्दछ।

| क्र म | विवरण | संख्या | प्रयोग इन्धन लिटर | भुक्तानी भएको इन्धन औषतमा एक महिनामा प्रति कर्मचारी(लिटर) | वार्षिक भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | निजी सवारी साधन | ९ | १५३५ | १४.२१ | २५५६१२ |
| २ | सरकारी सवारी साधन | २२ | २४२५ | ९.१८ | ४०३३६७ |
| | **जम्मा** | **३१** | **३९६०** | **१०.६४** | **६,५८,९८०** |

६१.३ **इन्धनमा मितव्ययीता** : सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ । पालिकाले पदाधिकारीले नियमानुसार पाउने सुविधा वापतको रकम भुक्तानी गरेको छ। सोही अनुसार यातायात खर्च दिएको, २ पाङ्ग्रे सवारी साधनलाई इन्धनको प्रचलित दरमा रकम भुक्तानी गरेको र ४ पाङ्ग्रे सवारी साधनको लागि इन्धन खरिद गरी खरिद बील विजकको आधारमा भुक्तानी गरेको छ । पालिकाले दिएको विवरण अनुसार पालिकामा १ वटा मात्र ४ पाङ्ग्रे सवारी साधन रहेकोमा विभिन्न भौचरबाट बार्षिक ५४८९ लिटर डिजेल खरिद गरी रकम भुक्तानी गरेको छ । जस अनुसार औषतमा मासिक ४५७.४१ लिटर प्रयोग भएको देखिन्छ । कर्मचारीलाई इन्धन सुविधा भनी ३१ जना कर्मचारी लाई रु. ६५८९८० रकम भुक्तानी भएकोमा पुन ८१२३.५ लिटर पेट्रोल खरिद गरी बील विजक बमोजिमको रकम भुक्तानी भएको छ । २ पाङ्ग्रे सवारी साधलाई इन्धन सुविधा उपलब्ध गराएपछी पुन पेट्रोल खरिदको बील भुक्तानी भएकोमा दोहोरो खर्च भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन। सवारी लग वुक अध्यावधिक नभएको कारण उक्त इन्धन कहाँ कहाँ प्रयोग भयो एकिन हुन अवस्था समेत रहेन। पालिकाले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

६२ **अन्य निकायको नाममा खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन

भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको कार्यालयको खर्च रु ९,५९,९३४ भुक्तानी गरेको छ । कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गोश्वरा भौचर | निकाय तथा कार्यालय | विवरण | रकम |
|---|---|---|---|
| ७०९।०८१।३।१७ | नेपाल घरेलु उद्योग महासंघ | महोत्सवको लागि खाजा खाना लगायतको विल संलग्न राखी भुक्तानी दिएको | १,१५,००० |
| ४९४।०८१।१।३१ | सुशिल कोइराला स्मृती भवन निर्माण समिति | भौतिक निर्माण | ४,८२,००० |
| | | **जम्मा** | ५,९७,००० |

| अनियमित भएको | ५,९२,००० |
|---|---|

### ६३ **व्यूटिपालर तालिम :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको हकमा बाहेक एक लाख रुँपैया भन्दा बढी खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गोश्वरा भौचर नं. ४७४।०८१।१।२१ बाट एभरग्रीन ब्युटिपार्लर प्रशिक्षण केन्द्रलाई बेसिक व्युटीपार्लर तालिम संचालन गरेवापत रु. ९,९२,००० रकम भुक्तानी भएको छ । उक्त तालिमामा ४० जनालाई ४५ दिनको तालिम दिएकोमा कती जनालाले व्यवसाय संचालन गरे तथा तालिमाको प्रभावकारीता सम्वन्धी अनुगमन मूल्यांकन गरेको पाइएन । उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम शुरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ । यस्तै उक्त तालिमा संचालनको लागि कती जनालाई तालिमामा सहभागी गराउने, कति दिन संचालन गर्ने लगायतका विषय समेटी लागत अनुमान तयार तथा स्विकृत नगरी कोटेशन सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु.

| अनियमित भएको | ९,९२,००० |
|---|---|

### ६४ **फोहोरमैला व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१(ख) अनुसार सार्वजनिक निकायले कुनै पनि सेवा परामर्श खरिद गर्दा खरिद गर्नुपर्ने सेवाको प्रकृति, सेवा प्रदान गर्नुपर्ने स्थान, सेवाको कार्यक्षेत्रगत शर्तहरु, सम्पन्न गर्नुपर्ने समयावधी लगातयका कुराको अध्ययन गरी आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी सेवा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको बजारीकरणको क्षेत्र एकदम सीमित रहेको कारण पालिकालाई बार्षिक ५५ लाख र १५ वर्षको लागि ८ करोड १२ लाख खर्च हुने कुरा अध्ययन नै नगरी सम्झौता गरेको देखियो । साथै उक्त फोहरमैला सम्बन्धी लागत अनुमान तयार नै नगरी उक्त सेवा प्रदायकले प्रस्ताव गरेको आर्थिक प्रस्तावको आधारमा मासिक ४५१,००० प्रति महिनाको दरले २०८०।१।२९ देखि १५ बर्षको सम्झौता गरी यस वर्ष कुल रु. ३६८००८९ भुक्तानी गरेकोमा कति स्थानमा कति परिमाणमा फोहोर उठाएको हो सो को विवरण तयार नगरी भुक्तानी गरेको देखिएकोले खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३६,८०,०८९ |
|---|---|

### ६५ **घर भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। पालिकाले घर भाडामा लिदा आवश्यकता र औचित्यका आधारमा कानूनी प्रकृया

बमोजिम लिनुपर्दछ । पालिकाले पालिका भन्दा करिव १५ किलोमिटर को दुरीमा रहेको कोहोलपुर नगरपालिका वडा नं २ बस्ने श्री सत्यदेवी पाण्डेको को ४ कोठा २०८० श्रावण १ देखी २०८० असोज १५ सम्मको लागि मासिक रु. २४ हजारको दरले सम्झौता गरी घर भाडमा लिएको छ। पालिकाले गो.भौ.नं. १२।०८०।६।५ बाट रु. ६०,०००, गो.भौ.नं. ३३३।०८०।१२।१ बाट रु. १,३२,००० र गो.भौ.नं. ४४८।०८१।१।२० बाट रु ४८,००० गरी जम्मा रु . २,४०,००० भुक्तानी भएको छ । पालिकाले कार्यालय प्रयोजनको लागि भनि घर भाडामा लिएको छ। पालिकाले घर भाडामा लिदा आवश्यकता र औचित्यका आधारमा लिई सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

## ६६ सम्भाव्यता र डि पि आर

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(ख) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष डि.पि.आर. अध्ययनमा रु ६९,९७,५०० खर्च गरेको छ । पालिकाले गत वर्षसम्म डि.पि.आर. अध्ययन भएका १७ आयोजना मध्ये १२ आयोजना कार्यान्वियनको चरणमा रहेका छन् भने ५ आयोजनामा बजेट विनयोजन भएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ । यस आर्थिक वर्ष २०८०।८१ मा तयार गरीएको डि.पि.आर कार्यान्यनको स्थिति देहाय बमोजिम रहेको छ :

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | ०८०।८१ मा बजेट विनियोजन |
|---|---|---|---|---|---|---|
| १ | कनुवा ताल आयोजना निर्माण | क्यान्भास ईन्जिनियरिङ्ग कन्सल्टेन्सी कुपन्डोल | १४६९६५५.४० | १४५७७०० | ७करोड | १६ लाख |
| २ | लालपुर खेल मैदान आयोजना निर्माण | आरोग्य इन्जिनीयरिंग कन्सल्टेन्सी ,प्रा.लि. सानोठिमी, भक्तपुर | १६६६६९३ | १६३८५०० | १५करोड | ५५ लाख |
| ३ | लयन्स पार्क आयोजना निर्माण | ईकोसिन्स सिभिल सोलुशन प्रा.लि. शंकमुल | ४९९८९५ | ४९०००० | ७करोड | ३७ लाख |
| ४ | थारु संग्राहालय निर्माण | ल्याण्ड स्केप ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौं | १५२८१९५.०५ | १४८०३०० | १२ करोड | ० |
| ५ | डोन्ढारा नाला आर.सि.सि बक्स बल्भर्ट निर्माण | EVEREST ENGINEERING CONSULTANCY PVT LTD, Kohalpur २ Banke . | ७६७६९६.६३ | ७४०००० | २करोड | ३५ |
| ६ | बैजनाथ गाउँ पालिकाको स्थानीय आर्थिक विकास रणनीति योजना निर्माण | श्री तक्षशिला कन्सल्टेन्सी प्रा.लि. बिजुलीबजार काठमाण्डौं | ६९३८२० | ६९३८२० | | |
| ७ | मध्यकालिन खर्च संरचना निर्माण | Governance studies and Research Center, Baijanath ६ Banke | ४९९८४४.२ | ४९७२०० | | |
| **जम्मा** | | | | **६९,९७,५२०** | | |

## ६७ सफ्टवेयर खरिद र परिचालन :

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर गर्नुपर्दछ । पालिकाले राजश्व सफ्टवेयरहरुमा गत वर्षसम्म रु ४९४९४० भुक्तानी गरेकोमा यो वर्ष थप २ वटा सफ्टवेयर खरिद गरी रु १४५४५०० सहित रु १९४९४४० भुक्तानी गरेको छ। सफ्टवेयर

खरिदको आवश्यक्ता, यसको लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र बार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

६८ **सक्कल बील बेगर भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,४१८,१३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६९ **पूर्वनिर्धारित क्षतिपूर्ति :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (क) मा डिजाइन परिवर्तन भएमा, बजेट नपुग भएमा, निर्माण स्थल उपलब्ध नभएमा, समयमा भुक्तानी हुन नसकेमा, निर्माण सामाग्रीको अभाव भएमा र प्राकृतिक विपद् परेको कारणबाट सम्झौता अनुसारको कार्य पूरा नभएमा पूरा नहुनुको कारण सहित पुष्ट्याँइ गरी कार्यतालिका सहित निवेदन दिएमा म्याद थप गर्न सकिने र थप अवधिमा कामको प्रगती भए नभएको विषयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ। माथिको अवस्था नरहेको र थपियको समयमा समेत काम नगरी निर्माण व्यवसायिको ढिलाईको कारणले काम हुन नसकी प्रतिफल प्राप्तिमा ढिलाइ भएको अवस्थामा नियमावलीको नियम १२१ अनुसार प्रतिदिन ०.०५ प्रतिशतका दरले १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ। तपसिलका ठेक्कामा माथि उल्लेखित समस्याहरु नदेखिएकोले निर्माण कार्यमा ढिलासुस्ती गरी निर्माण कार्य लामो समयसम्म अधुरो छोडी ठेक्का संम्झौता उलंघन गर्ने निर्माण व्यवसायिहरुलाई तपसिल बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ असुल गर्नुपर्ने रु.

| सि.नं | ठेक्का नं | काम | निर्माण ब्यावसयी | सम्झौता मिति | सम्पन्न मिति | म्याद थप पटक | ठेक्का अंक | भुक्तानी | पूर्व निर्धारित क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०८०/८१-०७ | रत्नराजमार्ग देखी रारा आ.वि जोड्ने बाटो कालोपत्रे | सुरेन्द्र निर्माण सेवा | २०८०।११।१४ | २०८१।३।१५ | म्याद थप नभएको | २३१५२५० | ७७७१७५ | २३१५२५ |
| २ | २०७७/७८- | पेडारी सडक कालोपत्रे | रिभाईल कन्सट्रक्सन प्रा.ली | २०७८।३।२१ | २०८०।३।१५ | ३ | १८०४६२४ | १०४५८६० | १८०४६२ |
| **जम्मा** | | | | | | | | | **४११९८७** |

| असुल गर्नुपर्ने | ४,११,९८७ |
|---|---|

७० **सडक कालोपत्र :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम निर्माण कार्यको भुक्तानी दिदा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी हुनुपर्नेमा निम्नानुसारको भुक्तानीमा नापी भएको कार्य भन्दा बढी भुक्तानी भएको देखियो । पालिकाले गंग बहादुर बुढाको घर देखि जनजागरण आ.वि हुँदै राजा जाने सडक कालोपत्रे योजनाको जे.आर.कन्सट्रक्सनसंग मिति २०७९।११।२५ मा रु.३२,२१,२२९ को सम्झौता भएकोमा अन्तिम बील मूल्याँकन तथा कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब अनुसार रु. ३१,६७,३७९ को कार्य भएकोमा गो.भौ.नं. क्रमश: २४३,३०७,३६४,१९ र ३४ बाट कुल रु. ३७,९८,९९२.१२ भुक्तानी भएकोले रु.६,३१,६१३.०२ बढी भुक्तानी असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ६,३१,६१३ |
|---|---|

७१ **ठेक्को म्याद थप :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ। सो अनुसार खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्नुपर्नेमा ऐनको उक्त व्यवस्था विपरित समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु भए पनि ती व्यवस्थाको पालना गरेको छैन । पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः म्याद थप गरेको छ। तपसिलका ठेक्काहरुको सम्झौता विपरीत पटक पटक म्याद थप गरेकोलेको ठेक्का सम्पन्न नभई ठेक्काहरुको म्याद बढ्दै जाँदा ठेक्काहरुको काम अधुरो रहने भएकाले। कार्यतालिका र सम्झौता अनुसार कार्य नगर्ने निर्माण व्यवशायीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| सिनं | ठेक्का नं | काम | निर्माण व्यावसायी | ठेक्का अंक | भुक्तानी | सूरु अवधि | पटक | थप अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०८०-८१/१५ | गाउँपालिकाको कार्यालय भित्र पूर्वाधार निर्माण | एस फर निर्माण सेवा | ३५२८९२३ | २६७५७३६ | २०८१।३।२० | १ | २०८१।५।१५ |

७२ **कार्यसम्पादन जमानत :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम कार्य सम्पादन जमानतको म्याद निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधी भन्दा कम्तिमा एक महिना बढीको म्याद भएको हुनुपर्ने व्यवस्था छ । निम्नानुसारको निर्माण कार्यमा कार्य सम्पादन जमानतको म्याद कम भएको तथा समाप्त भएको देखिएकोले सम्झौता तथा खरिद नियमावली बमोजिमको अवधी भएको कार्य सम्पादन जमानत पेश हुनुपर्ने रु.

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्ने मिति | हुनुपर्ने कार्य सम्पन्न जमानतको म्याद | पेश भएको कार्य सम्पन्न जमानतको म्याद | कार्य सम्पादन जमानत रु. |
|---|---|---|---|---|---|---|---|
| १ | प्रभात मा.वि (दोस्रो/ तेस्रो तला ) निर्माण | बि.एल.एन कन्सट्रक्सन,बैजनाथ २ बाँके | २०८१।३।२१ | २०८२।३।२० | २०८३।४।२० | २०८२।६।१० | १५७१००० |
| २ | पेडारी सडक कालोपत्रे | रिभाईल कन्सट्रक्सन प्रा.ली | २०७८।३।२१ | २०८०।३।१५ | २०८१।४।१५ | २०७९।७।३० | १२४०००० |
| | | | | | | | **जम्मा** | **२८११०००** |

| प्रमाण पेश नगरेको | २८,११,००० |
|---|---|

७३ **उपभोक्ताद्धारा कार्य :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरीवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले यो बर्ष विभिन्न

१५४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ३ करोड ९९ लाख ४४ हजार भुक्तानी गरेकोमा निम्न व्यहोरा पाइयो :

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने देखिएको उपभोक्ता समितीलाई थप जिम्मेवार बनाउन आवश्यक देखिन्छ।
- उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन।
- उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन। सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन।

कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने जस्ता जटील संरचना

समेत निमार्ण गरेको पाईयो। पालिकाले उपभोक्ता समितिको क्षमता अनुसारको कार्यमा मात्र सम्झौता गरी उपभोक्ता समितिको परिचालन गर्नुपर्दछ।

७४ **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम :**

पालिकाले १५ शैयाको अस्पताल निर्माणका लागि स्काई बयान बि सेभेन जे.भि. सँग मिति २०८३।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी मु.अ.कर समेत ठेक्का रकम रु.१५५७२१,९६६.६१ मा कार्यालयले २०८०।२।३१ मा सम्झौता गरी कार्य भईरहेको छ। निर्माण कार्य र ठेक्का कागजातमा लेखापरीक्षणबाट देखिएका बेहोरा निम्न छन्:

**क)** ठेक्काका लागि गरिएको परिमाण र लागतको अनुमान देखि ठेक्काको सूचना, मुल्यांकन, आसयको सूचना, ठेक्का स्वीकृति लगायतको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमका प्रकृया र विधि अवलम्बन गरी आधिकारिक निर्णय लगायतका कागजात सहितको ठेक्का फाइल तयार गरी राख्नुपर्ने तथा बिभिन्न म.ले.प.फा नं. को ढाँचामा समष्टिगत लगत राख्नु पर्नेमा सो गरेको पाइएन । सोको अभावमा एकीकृत सूचना प्राप्त गर्न र विश्लेषण गर्न सकिएन। ठेक्का सम्बन्धित निर्णय र कागजात सहितको ठेक्का फाइल तयार राख्नुपर्दछ।

७५ **वर्षान्तको पेस्की :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा आर्थिक वर्षको अन्त्यसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेस्की दिन नमिल्ने व्यवस्था छ। पालिकाले सङ्घीय सशर्त अनुदानबाट आर्थिक वर्षको अन्त्यमा तपसिलका कर्मचारीलाई पेस्की दिएको देखियो। उक्त पेस्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन। तसर्थ वर्षान्तमा फ्रिज गर्नु पर्ने उक्त रकम फ्रिज नगरी पेस्की दिएको सम्बन्धितबाट फिर्ता लिई सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| **कार्यक्रम** | **गोश्वरा भौचर** | **पेस्की लिने** | **रकम रु.** |
|---|---|---|---|
| नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन | ३६।०८१।३।२२ | प्रभात मा वि | ४२६४१६ |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २०४।०८१।३।२१ | प्रभात मा वि | ४५,००,००० |
| धान काट्ने यन्त्र खरिद | १७।२०८१।०३।२३ | प्रमोद कुमार वि क | १,२०,००० |
| मोरिङ्गा विरुवा वितरण | ४४।२०८१।०३।०३ | प्रमोद कुमार वि क | ९२,००० |
| फलफूल विकास कार्यक्रम | ६१।२०८१।०३।२३ | प्रमोद कुमार वि क | १००,००० |
| | | **जम्मा** | **५२३८४१६** |
| | | पेश्की | ५२,३८,४१६ |

७६ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिनेको कर्तव्य हुने उल्लेख छ। पालिकाको सुत्र प्रणालीको अनुसूची २०७० (१२) चालु आ.व. को म्याद नाघेको पेस्की रु.१७९९७०० रहेको छ। पालिकाले उक्त पेस्की कानून बमोजिम फर्स्यौट गर्नुपर्ने रु.

| क्रम | पेस्की लिने | कार्यक्रम/ योजना | गत आ.व.को | | चालु आ.व.को | | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको रु. | म्याद नाघेको पेस्की रु. | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | नेपाल विद्युत प्राधिकरण | कृषि पोल विस्तार | | | | ९,९९,७०० | ९,९९,७०० |
| २ | लाल व वोहोरा | स्थानिय पाठ्यक्रम निर्माण कार्यान्वयन | | | | ८,००,००० | ८,००,००० |
| | | | | | **जम्मा** | **१७९९७००** | **१७९९७००** |
| | | | | | | पेश्की | १७,९९,७०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बैजनाथ गाउँपालिका, बाँके , बैजनाथ गाउँपालिका , बाँके

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्मराज न्यौपाने | २०८०-१-१ | २०८०-६-१५ |
| कार्यालय प्रमुख | धर्मराज न्यौपाने | २०७९-१२-३० | २०८०-६-१५ |
| कार्यालय प्रमुख | बिश्वराज ढकाल | २०८०-६-२५ | २०८०-८-२४ |
| कार्यालय प्रमुख | राजेश कुमार यादव | २०८०-९-१९ | २०८०-११-३० |
| कार्यालय प्रमुख | बिश्वराज ढकाल | २०८०-११-३० | २०८१-८-१० |
| कार्यालय प्रमुख | धर्म राज न्यौपाने | २०८१-८-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुर्ण प्रसाद जैसी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५४१,०५२.१४ | ३५,५४८,०७३ | १९,५४४,८५१ | ० | ० | ७,०३८,११६ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६३,६७२,०९२.१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,४७८,०६२.५४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६१,१९४,०२९.६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १०१६२२५२५.२७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४५८९७६४९२ | चालु खर्च | ४४८०५९६६२.६ |
| प्रदेश सरकारबाट अनुदान | २९८३६२३९ | पूँजीगत खर्च | १९९१९९२५० |
| राजश्व बाँडफाँट | १३९२७५०७०.५१ | वित्तीय/अन्य व्यवस्था | २७६६८६९२५.४३ |
| आन्तरिक आय | ३७४६८८७८.८३ | | |
| अन्य आय | २४३१७००७३.४५ | | |
| कुल आय | ९०८७२६७५३.७९ | कुल खर्च | ९२३९४५८३८.०३ |
| बाँकी मौज्दात | | ८६४०३४४१.०३ | |

## बेरूजु दफा ५.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| असुल गर्नुपर्ने | | | | |
|---|---|---|---|---|
| आ.ले.प. दफा नं. | गोश्वरा भौचर | बेरुजुको विषय | सम्बन्धित पक्ष | रकम रु. |
| ५९.६.४ | ५४८।०८१। २।२३ | प्रतिवेदन वापत वढी भुक्तानी | शिला पाठक | ५०० |
| ५९ | ७२९।०८१। ३।१९ | अनुगम वापत वढी भुक्तानी | सामुदायिक विकास मन्च | ६१६०० |
| **जम्मा** | | | | ६२१०० |

## बेरूजु दफा ५.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| नियमित गर्नुपर्ने | | | | |
|---|---|---|---|---|
| आ.ले.प. दफा नं. | गोश्वारा भौचर | बेरुजुको व्यहोरा | सम्वन्धित पक्ष | रकम रु. |
| ५९.६.२ | ५४८।०८१।२।२३ | वढी दरमा प्रशिक्षक भत्ता भुक्तानी | शिला पाठक | १८००० |
| ५९ | ७२१।०८०।३।१९ | वैठक भत्ता र कार्यालय समयको खाना खर्च भुक्तानी | पालिका | १८६७० |
| ५९ | ७८३।०८२।३।२४ | मर्मत आदेश तथा दाखिला विना भुक्तानी भएको | सुभद्रा अधिकारी | ३३३५० |
| ५९.१६ | ७८०।८१।३।२४ | फजुल खर्च | पालिका | २७६८० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| | |
|---|---|
| जम्मा | १७७०० |

## बेरूजु दफा ५.४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| प्रमाण पेश गर्नुपर्ने | | | | |
|---|---|---|---|---|
| आ.ले.प. दफा नं. | गो.भौ.नं. | बेरुजुको विषय | सम्बन्धित पक्ष | रकम रु. |
| ५९ | १८३।०८०।८।२० | गाडि भाडा को प्रयोजन प्रमाण पेश गर्नुपर्ने | पालिका | १७५५० |
| ५९ | ३०२।०८०।११।२० | कार्यपत्र पेश गर्नुपर्ने | धर्मेन्द्र आचार्य, सुभद्रा अधिकारी | ५६००० |
| ५९ | ३०२।०८०।११।२० | जनप्रतिनिधिलाई वुझाएको भत्ताको भर्पाई पेश गर्नुपर्ने | डोटी नेपाली | २०००० |
| ५९.४.१ | ५१६।०८१।२।८ | कार्यपत्र पेश गर्नुपर्ने | शिला लेख मल्टीमिडिया प्रा ली | १३०८० |
| ५९.४.२ | ५१६।०८१।२।८ | अनुगमन वापतको भर्पाई पेश गर्नुपर्ने | शिला लेख मल्टीमिडिया प्रा ली | ६००० |
| ५९.४.३ | ५१६।०८१।२।८ | स्टेशनरी वितरण को भर्पाई पेश गर्नुपर्ने | शिला लेख मल्टीमिडिया प्रा ली | ५४८० |
| ६० | ५२१।०८१।२।११ | विपद प्रतिकार्य योजना निर्माणको लागि स्टेनरी वितरणको भर्पाई पेश गर्नुपर्ने | नेपाल रेडक्रस सोसाइटी वैजना उपशाखा | १५४०५ |
| ६० | ५४८।०८१।२।२३ | अनुगमनको प्रमाण पेश गर्नुपर्ने | शिला पाठक | १०००० |
| ६० | ५३५।०८१।२।१७ | वैठक भत्ता भुक्तानीको भर्पाई पेश गर्नुपर्ने | प्रमोद कुमार विश्वकर्मा | १५३०० |
| ६० | ५६४।०८१।२।२८ | खाजा भुक्तानीको प्रयोजन खुल्ने प्रमाण | पालिका | ३६५०० |
| ५९.९.१ | ५६०।०८१।२।२७ | प्रशिक्षक भत्ताको १२ शेसनको कार्यपत्र पेश गर्नुपर्ने | डिम्पल मिडिया प्रा ली | १४२८० |

| | | | | |
|---|---|---|---|---|
| ५९.९.१ | ५६०।०८१।२।२७ | स्टेशनरी वितरणको भर्पाई | डिम्पल मिडिया प्रा ली | २६२५ |
| ५९ | ६५०।०८१।३।९ | प्रशिक्षक कार्यपत्र पेश गर्नुपर्ने | नेपाल रेडक्रस सोसाइटी वैजनाथ शाखा | १५०० |
| ५९ | ६५४।०८१।०३ | स्टेशनरी वितरणको भर्पाई | बहिरा शशक्तिकरण तथा विकास संघ बाँके | २२५० |
| ५९ | ६९१।०८१ | मर्मत आदेश तथा इन्धन लगवुक पेश गर्नपर्ने | मदन प्रशाद थारु | ३३००० |
| ५९ | ७३१।०८१।३।२० | खर्च प्रयोजन खुल्ने प्रमाण | परिवारीक निजि संघ | १०००० |
| ५९ | ७६५।०८१।३।२३ | लगवुक माग फारम पेश गर्नुपर्ने | कृष्ण वहादुर खड्का | ४५८०० |
| ५२ | ५।०८१।१।२३ | कृषि सामाग्री वितरण भर्पाई पेश गर्नुपर्ने | प्रमोद कुमार विश्वकर्मा | ११७०० |
| ६३ | १३८।०८१।२।२४ | स्टेशनरी वितरण भर्पाई पेश गर्नुपर्ने | मोतिराम चौधरी | ४२०० |
| ६३ | १८९।०८१।३।१७ | तालिम संचालन वापत स्टेशनरी वितरण | सविता वि क | ३३०० |
| ६४ | १०,११,१३, १४,१५,१८ | विभिन्न कार्यक्रम तथा आयोजनाको अनुगमन प्रतिवेद पेश गर्नुपर्ने | पालिका | ३११३३१८ |
| ६४ | १९।०८१।३।५ | तरकाली वितरणको भर्पाई | पालिका | ७४४४० |
| **जम्मा** | | | | **३५११७२८** |

## बेरूजु दफा २५ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| बैजनाथ पालिका वा अन्तर्गतका निकाय/कार्यालयको स्वीकृत दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | पद | सेवा | समुह | उप-समुह | श्रेणी/तह | जम्मा दरबन्दी (समायोजनका बखत प्राप्त भएको ) | स्थायी | करार | गा पा दरबन्दी | जम्मा |
| गाउँपालिका अन्तर्गत | | | | | | | | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | सामान्य प्रशासन | | रा.प्. तृतीय | १ | १ | | | १ |
| २ | इन्जिनियर | इन्जी. | सिभिल | | ७/८ औं | १ | ० | १ | | १ |
| ३ | अधिकृत | शिक्षा | शि.प्र. | | ७/८ औं | १ | १ | | | १ |
| ४ | अधिकृत | प्रशासन | लेखा | | ७/८ औं | १ | १ | | | १ |
| ५ | अधिकृत | प्रशासन | सा.प्र. | | ६ औं | २ | २ | | | २ |
| ६ | अन्तरिक लेखा परिक्षक | प्रशासन | लेखा | | ५ औं | १ | १ | | | १ |
| ७ | सहायक | प्रशासन | सा.प्र. | | ५ औं | ३ | ३ | | | ३ |
| ८ | कम्प्युटर अपरेटर | बिबिध | | | ५ औं | १ | १ | | | १ |
| ९ | लेखा सहायक | प्रशासन | लेखा | | ५ औं | १ | १ | | | १ |
| १० | प्रा.स. | शिक्षा | शि.प्र. | | ५ औं | १ | १ | | | १ |
| ११ | हे.अ. | स्वास्थ्य | हे.इ. | | ५/६ औं | १ | १ | | | १ |
| १२ | सब- इन्जिनियर | इन्जी. | सिभिल | | ५ औं | १ | १ | | | १ |
| १३ | अ. सब- इन्जिनियर | इन्जी. | सिभिल | | ४ औं | १ | १ | | | १ |
| १४ | स.म.वि.नि. | बिबिध | | | ४ औं | १ | १ | | | १ |
| १५ | खा.पा.स.टे. | इन्जी. | सिभिल | स्यानिटरी | ४/५ औं | १ | १ | | | १ |
| १६ | ह.स.चा. | प्रशासन | - | - | श्रेणी बिहिन | ० | ० | ० | १ | १ |
| १७ | कार्यालय सहयोगी | प्रशासन | - | - | श्रेणी बिहिन | ० | ० | ० | ४ | ४ |
| वडा कार्यालयहरु | | | | | | | | | | |
| १८ | सहायक | प्रशासन | सा.प्र. | | ५ औं | ३ | ३ | | | ३ |
| १९ | सब- इन्जिनियर | इन्जी. | सिभिल | | ५ औं | ३ | १ | २ | | ३ |
| २० | सहायक | प्रशासन | सा.प्र. | | ४ औं | ४ | ४ | | | ४ |
| २१ | अ. सब- इन्जिनियर | इन्जी. | सिभिल | | ४ औं | ५ | २ | १ | | ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | मुखिया | प्रशासन | सा.प्र. | | तेस्रो | १ | १ | | | १ |
| २३ | कार्यालय सहयोगी | प्रशासन | - | - | श्रेणी बिहिन | १ | १ | ० | ७ | ८ |
| **कृषि सेवा तर्फ** | | | | | | | | | | |
| २४ | अधिकृत | कृषि सेवा | | | ६/७/८ औं | २ | २ | | | २ |
| २५ | सहायक | कृषि सेवा | | | ५ औं | १ | ० | | | ० |
| २६ | सहायक | कृषि सेवा | | | ४ औं | १ | १ | | | १ |
| **पशु सेवा तर्फ** | | | | | | | | | | |
| २७ | अधिकृत | कृषि सेवा | भेट/ला पो डे डे | | ६/७/८ औं | १ | १ | | | १ |
| २८ | सहायक | कृषि सेवा | भेट/ | | ५ औं | १ | १ | | | १ |
| २९ | सहायक | कृषि सेवा | ला पो डे डे | | ५ औं | १ | | | | ० |
| ३० | सहायक | कृषि सेवा | भेट | | ४ औं | १ | | | | ० |
| ३१ | सहायक | कृषि सेवा | ला पो डे डे | | ४ औं | १ | | | | ० |
| **स्वास्थ्य तर्फ** | | | | | | | | | | |
| ३२ | मे.अ. | स्वास्थ्य | ज हे स | | ८ औं | १ | | १ | | १ |
| ३३ | नर्सिङ निरिक्षक | स्वास्थ्य | ज.न. | | ५/६/७ औं | १ | १ | | | १ |
| ३४ | हे.अ./ सी.अ.हे.व./ ज.स्वा.नी. | स्वास्थ्य | हे ई | | ५/६/७ औं | ११ | ११ | | | ११ |
| ३५ | अ.हे.व./ सी.अ.हे.व. | स्वास्थ्य | हे ई | | ४/५/६ औं | ६ | ६ | | | ६ |
| ३६ | अ.न.मी./ सी.अ.न.मी. | स्वास्थ्य | क न | | ४/५/६ औं | १० | १० | | | १० |
| ३७ | ल्या.अ. | स्वास्थ्य | मे ल्या टे | ज मे ल्या टे | ४/५/६ औं | १ | १ | | | १ |
| ३८ | कविराज | | आयुर्बेद | ज.आ. | ४/५/६ औं | २ | १ | | | १ |
| ३९ | बैध | | आयुर्बेद | ज.आ. | ४/५/६ औं | २ | १ | | | १ |
| ४० | कार्यालय सहयोगी | प्रशासन | - | - | श्रेणी बिहिन | ३ | ३ | | | ३ |
| **जम्मा** | | | | | | ८१ | ६८ | ५ | १२ | ८५ |

## बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र स | विद्यालयको नाम | बाल बिकास शिक्षक संख्या | जम्मा बालविकास बिद्यार्थी |
|---|---|---|---|
| १ | श्री दहित आ बि च्यामा | १ | १५ |
| २ | श्री रारा मा बि, गाभर | ३ | ४६ |
| ३ | श्री जनजागरण आ बि , चिसापानी | १ | १६ |
| ४ | श्री सुर्योदय मा बि, चिसापानी | २ | ३३ |
| ५ | श्री सरस्वति आ बि पितामारी | २ | ३२ |
| ६ | श्री दिलरम प्रा बि उत्तरलधौरा | १ | १९ |
| ७ | श्री जनता आदर्श मा बि | २ | २४ |
| ८ | श्री ने रा मा बि कलरामपुर | १ | १३ |
| ९ | श्री सरस्वती प्रा बि दक्षिण लाधौरा | २ | २२ |
| १० | श्री बागेश्वरी मा बि गाभर | १ | १७ |
| ११ | श्री सरस्वति मा बि बैरहवा | २ | २५ |
| १२ | श्री अमरज्योति प्रा बि सुतैया | २ | २५ |
| १३ | श्री ने रा प्रा बि दाङपुर्वा | १ | २७ |
| १४ | श्री संबिधान सभा प्रा बि | ० | २६ |
| १५ | श्री ने रा मा वि नौबस्ता | १ | ३९ |
| १६ | श्री समाबेशी मा बि तिलकपुर | २ | ४० |
| १७ | श्री नवशिक्षा बा बि के | १ | २० |
| १८ | श्री ने रा मा बि नौलापुर | २ | ३८ |
| १९ | श्री बि पी मेमोरियल मा बि | २ | २९ |
| २० | श्री सुन्दर आ बि छमनिया | २ | ४८ |
| २१ | श्री सिंह भवानी आ बि बनकटवा | २ | ४४ |
| २२ | श्री गुरुकुल गायत्री बिद्यापिठ | १ | २६ |
| २३ | श्री मुक्ति बा बि के | १ | १६ |
| २४ | श्री प्रभात मा बि जी गाउँ | २ | ८० |
| २५ | श्री ने रा मा बि गुरुगा | २ | ५२ |
| | | | |

| | | | |
|---|---|---|---|
| २६ | श्री ने रा मा नि गुरुवागाउ | २ | ३५ |
| २७ | श्री इश्वरी मा बि एच गाउँ | १ | १७ |
| २८ | श्री ज्योति आ बि गडरही | १ | १२ |
| २९ | श्री सम्झना आ बि | २ | १७ |
| ३० | श्री सुर्योज्योती प्रा बि परसरामापुर | १ | १९ |
| ३१ | श्री ने रा मा बि पेडारी | २ | ५७ |
| ३२ | श्री भगवती मा बि हसनापुर | १ | २० |
| ३३ | श्री शंकर मा बि थपवा | १ | २३ |
| ३४ | श्री ने रा मा बि Titihiriya | १ | ११ |
| ३५ | श्री जनसहयोगी आ बि फत्तेनगर | १ | ३२ |
| ३६ | श्री लक्ष्मी प्रा बि गुरुदयालपुर | १ | २४ |
| ३७ | श्री शुभानुल उलूम मदरशा | २ | ३५ |
| ३८ | श्री सरस्वति प्रा बि करेलीभाग्रा | २ | ३० |
| ३९ | श्री दुर्गा आ बि पिपरी | ३ | ४५ |
| **जम्मा** | **६०** | **११४९** | **१:१९** |

## बेरूजु दफा ४८ सँग सम्बन्धित विवरण - अनुसूची -८

| क्र स | विद्यालयको नाम | शिक्षक संख्या | जम्मा निकासा |
|---|---|---|---|
| १ | श्री दहित आ बि च्यामा | २ | ४१८६०० |
| २ | श्री रारा मा वि | ३ | ८७३००० |
| ३ | श्री जनजागरण आ बि | ३ | ८७३००० |
| ४ | श्री सुर्योदय मा बि चिसापानी | २ | ४७४८६७ |
| ५ | श्री दिलरम प्रा बि पितमारी | १ | २९१००० |
| ६ | श्री जनता आदर्श मा बि जब्दहवा | ३ | १०८१००० |
| ७ | श्री सरस्वति प्रा बि दक्षिण लधौरा | १ | २९१००० |
| ८ | श्री सरस्वति मा बि बैरहवा | ४ | ११६४००० |
| ९ | श्री अमरज्योति प्रा बि सुतैया | १ | २९१००० |
| १० | श्री संबिधान सभा प्रा बि | १ | २९१००० |
| ११ | श्री ने रा मा बि नौबस्ता | १ | ३९५००० |
| १२ | श्री समाबेशी मा बि तिलकपुर | २ | ६८६००० |
| १३ | श्री ने रा मा बि नौलापुर | ३ | १०८१००० |
| १४ | श्री बि पी मा बि बनियाभार | १ | ३९५००० |
| १५ | श्री सिंह भवानी आ बि | १ | २९१००० |
| १६ | श्री सुन्दर आ बि छमनिया | ३ | १०१०००० |
| १७ | श्री गुरुकुल गायत्री बिद्या पिठ | १ | २४११३३ |
| १८ | श्री ने रा मा बि गुरुवा गाउँ | २ | ६८६००० |
| १९ | श्री ने रा मा बि ओरिलालपुर | १ | ३९५००० |
| २० | श्री ज्योति आ बि गडरही | ३ | ६८७६०० |
| २१ | श्री सम्झना आ बि सम्झना | १ | २९१००० |
| २२ | श्री इश्वरी मा बि एच गाउँ | १ | २४०००० |
| २३ | श्री सुभानुल उलूम मदरसा | २ | ५८२००० |
| २४ | श्री जनसहयोगी आ बि फत्तेनगर | २ | ५८२००० |
| २५ | श्री ने रा मा बि टिटीहिरिया | १ | ३२७००० |
| | | | |

| | | | |
|---|---|---|---|
| २६ | श्री भगवती मा बि हसनापुर | १ | ३९५००० |
| २७ | श्री दुर्गा आ बि पिपरी | १ | २९१००० |
| **जम्मा** | | **४८** | **१४६२४२००** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।